# आर्थिक वर्ष २०६७/६८ को मार्टिन चौतारीको वार्षिक प्रतिवेदन

करिव दुई दशकदेखि विभिन्न विषयमा अनौपचारिक तर गहन छलफल चलाउँदै आएको मार्टिन चौतारीले हालैका वर्षहरूमा बहस-छलफलका अतिरिक्त अनुसन्धान, पुस्तक/जर्नल प्रकाशन, पुस्तकालय सञ्चालन, मेन्टरिङ लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । आर्थिक वर्ष (आ.व.) २०६६/६७ देखि मार्टिन चौतारीले पाँच वर्षे रणनीतिक योजना लागू गरी काम गर्दै आएको छ । देशको वर्तमान राजनीतिक परिस्थिति तथा संविधान निर्माणको भविष्यबारेको चिन्ता आदिलाई ध्यान दिएर दोस्रो वर्षको कार्यक्रमहरू निर्धारण गरिएको थियो । दोस्रो वर्षको प्रतिवद्धताअनुसार २०६७/६८ का लागि वार्षिक कार्ययोजना र बजेट निर्धारण गरिएको थियो । यस प्रतिवेदनमा आर्थिक वर्ष २०६७/६८ (२०६७ साउनदेखि २०६८ असार मसान्त अर्थात् मध्य जुलाई २०१० देखि मध्य जुलाई २०११ सम्म) मा चौतारीले सम्पन्न गरेका कामहरूको विवरण दिइएको छ ।

## १.चौतारी छलफल शृङ्खला

मार्टिन चौतारीले सार्वजानिक बहसको संस्कृतिलाई विकास गर्ने उद्देश्यले लामो समयदेखि विभिन्न विषयमा छलफल चलाउदै आएको छ । यस आर्थिक वर्ष २०६७/६८ मा मार्टिन चौतारीमा नियमित अन्तर्गत १४९ ओटा छलफल सम्पन्न भए । आइतवार हुने अनुसन्धानमा आधारित छलफल, मंगलबार हुने विभिन्न समसामयिक विषयमा हुने छलफल र विहिवार हुने मिडिया छलफल देखि बाहेक ४ अतिरिक्त छलफल समेत गरी जम्मा १५३ ओटा विभिन्न विषयमा छलफल तथा बहस भए ।

यस आर्थिक वर्ष सार्वजानिक बिदा, उपत्यका बन्द र चौतारीमा आयोजना भएका विशेष सेमिनार तथा कार्यक्रमहरूका कारण जम्मा १४ ओटा नियमित छलफल हुन् सकेनन् । जम्मा १५१ जनाले चौतारीमा मुख्य वक्ताको रूपमा भाग लिए । जसमा ९२ जना पुरूष र ५९ जना महिला  थिए । चौतारीमा हुने नियमित छलफललाई लैङ्गिक र विषयगत रूपमा सन्तुलित बनाउन केही प्रयासहरू वितेका एक वर्षमा भएका छन् । त्यो अनुरूप परिणाम पनि देखिएको छ । त्यसै गरी फागुन/चैत (मार्च) महिना चौतारीका नियमित छलफलमा वक्ताका रूपमा वोल्न आउने सवै महिला नै हुनुपर्ने नियम यस आर्थिक वर्षमा पनि लागु गरिएको छ । त्यसले पनि महिला वक्ता बढाउन सहयोग गरेको छ । यस आर्थिक वर्षमा चौतारीका नियमित छलफलमा भाग लिने करिव ४० प्रतिशत महिला वक्ता रहेका छन् । यस वर्ष जेठ/असार (जुन) महिनाका छलफलहरू वातावरण, प्राकृतिक स्रोत साधन र जलवायु परिवर्तन आदिमा केन्द्रित गरिएका थिए । यसो गर्नुको मुख्य उद्देश्य लक्षित समूहमा हाम्रा कार्यक्रमलाई सूचना पुऱ्याउने रहेका थियो । यसका लागि उपत्यकामा वातावरण, जलवायु परिवर्तन र प्राकृतिक स्रोत साधनका क्षेत्रमा काम गर्ने संस्था र व्यक्तिका झण्डै २०० भन्दा बढी ई-मेल सङ्कलन गरी हाम्रा नियमित कार्यक्रमबारे उनीहरूलाई सूचित गरिएको थियो ।

### *१.१ आइतबारे*

आर्थिक वर्ष २०६७/६८ मा जम्मा ५४ ओटा आइतबारे छलफल भएका छन् । ७ ओटा आइतबारे छलफलहरू, बन्द सार्वजानिक बिदा र चौतारीमा आयोजित विशेष कार्यक्रमका कारण हुन सकेनन् । आईतबारे छलफल अनुसन्धानमा आधारित हुनु पर्ने नियम राखिएको छ र यसो गर्दा अनुसन्धातालाई अनुसन्धान गर्न फाइदा पुग्नुका साथै नेपालमा सामाजिक अनुसन्धानमाथि हुने वहसको संस्कृति विकास गर्ने भन्ने पनि रहेको छ । यस आर्थिक वर्षको एक नियमित आइतबारे छलफलका लागि भने विश्व वातावरण दिवस (२०६८ जेठ २२) को अवसर पारेर मार्टिन चौतारीले Forum of Natural Resource Manager (FONAREM) सँग सहआयोजना गरेको थियो । यस छलफलमा नेपाल केन्द्रीय शासन प्रणालीबाट संघीय प्रणालीमा जाँदा प्राकृतिक स्रोत साधनको बाँडफाड कसरी गर्ने र अहिले बहसमा रहेका संघीय राज्यहरू प्राकृतिक स्रोत साधनका दृष्टिकोणवाट हेर्दा कति उपयुक्त छन् भन्ने बारेमा छलफल भयो ।

*१.२ मङ्गलबारे*

आर्थिक वर्ष २०६७/६८ मा जम्मा ४९ ओटा नियमित मङ्गलबारे छलफलहरू भए । वक्ताको अनुपस्थितिका कारण एउटा र सार्वजानिक बिदाका कारण चार ओटा मङ्गलबारे छलफल हुन सकेनन् । त्यसै गरी २०११ जनवरीबाट हरेक अङ्ग्रेजी महिनाको तेस्रो मङ्गलवार विभिन्न क्षेत्रमा महिलाको उपस्थितिका बारेमा छलफल केन्द्रित गरिएको छ । चौतारीका छलफलमा महिला वक्ता बढाउने उद्देश्यले यसो गरिएको हो । प्रत्येक महिनाको अन्तिम मङ्गलवार मार्टिन चौतारीसँग मिलेर लसना कला समूहले सञ्चालन गरेको कला छलफल यस वर्ष पनि जारी रह्यो ।

*१.३ विहीबारे (मिडिया छलफल र फिल्म प्रदर्शन/छलफल)*

आर्थिक वर्ष २०६७/६८ मा जम्मा ४६ ओटा मिडियासम्बन्धी छलफल भए । जसमा ३१ ओटा मिडियाका विभिन्न विषयमाथि र १५ ओटा फिल्म तथा डकुमेन्ट्री देखाएर तीमाथि छलफल भएका थिए । एउटा विहीबारे छलफल, चौतारीमा आयोजित विशेष कार्यक्रमका कारण हुन सकेन ।

*१.४ अतिरिक्त छलफल*

चौतारीमा हुने नियमित छलफल बाहेक यस आर्थिक वर्ष अरू ४ ओटा अतिरिक्त छलफलहरू पनि भएका छन् ।

*१.५. चौतारीमा हुने छलफल व्यवस्थित गर्ने र सम्भावित सहभागीलाई सूचित गर्ने बारे गरिएका प्रयासहरू*

सार्वजानिक बहस तथा छलफलहरूलाई कसरी सम्भावित सहभागीहरूसम्म सूचना पुर्‍याउने र यस्ता बहस तथा छलफलका संस्कृतिलाई कसरी विकास गर्ने भन्ने बारे चौतारीको सधैँ एक प्रकारको चिन्ता रहेको छ । यसै सर्न्दभमा सार्वजानिक सूचनाको रूपमा यस्ता बहसहरू सूचित गराउन आमसञ्चारका माध्यमहरूलाई अनुरोध गरिएको थियो । यस्तो अनुरोधलाई  स्वीकार गरी २०६७ कात्तिक १४ बाट चौतारीमा हुने बहस तथा छलफललाई *काठमाडौँ पोष्ट* ले हरेक आइतबार पृष्ठ २ मा सार्वजानिक छलफल कोलम दिएर करिव ४ महिना छापेको थियो । अहिले *काठमाडौं पोष्ट*ले त्यसरी नियमित नछापे पनि केही छलफललाई भने छाप्ने गरेको छ । त्यसै गरी *रिपब्लिका* दैनिकले पनि चौतारीमा हुने छलफलबारे सूचना दिने गरेको छ । यसबाहेक डिसेम्वर महिनामा हुने सबै छलफलहरूलाई पर्चाको रूपमा छपाई कलेज तथा विश्वविद्यालयमा वितरण गर्ने काम पनि भयो । २०६७ फागुनको दोस्रो हप्ता चौतारीले आफ्नो ब्रोसर बनाएको छ ।

मार्टिन चौतारीमा हुने छलफललाई सम्भावित सहभागीसम्म पुर्‍याउने उद्देश्यले मार्टिन चौतारीले मे २०११ देखि आफ्नो फेसबुक सञ्चालनमा ल्याएको छ । अहिले चौतारीका फेसबुक साथी २५ सय पुगिसकेका छन् र यो बढ्ने क्रममा छ ।

*१.६  छलफलमा सहभागी*

यस आर्थिक वर्षमा करिव ३ हजार ३ सय जनाले चौतारीका नियमित छलफलमा भाग लिएका छन् । यो चौतारीमा नियमित छलफलमा भाग लिन आउने सहभागीहरूले उपस्थिति फाइलमा (रजिस्टरमा) दर्ता गराएको आधारमा तयार गरिएको सङ्ख्या हो । यसमा केही छुटेका पनि हुन सक्छन् । त्यसैले छलफलमा भाग लिनेको सख्या यो भन्दा केही बढी हुने अनुमान गर्न सकिन्छ । साधारणतया विश्व विद्यालयका विद्यार्थी, अनुसन्धानकर्मी, पत्रकार, र निवृत्त सरकारी कर्मचारीहरू नै चौतारीका नियमित छलफलमा भाग लिन आउने व्यक्तिहरू हुन् । सहभागीको हिसावले हेर्ने हो भने चौतारीका हरेक मङ्गलबारे छलफलहरूमा करिव ३० जनाको उपस्थिति देखिन्छ । आइतबारे अनुसन्धानत्मक र मिडिया छलफलमा करिव २५ देखी २८ को सङ्ख्यामा देखिन्छ । फिल्म चौतारीमा सहभागी हुन आउनेको सख्या प्राय ३० भन्दा बढी देखिन्छ ।

*१.७ सार्वजानिक बहसमा महिलाहरूको उपस्थिति बढाउने भन्ने बारेमा गरिएको प्रयासबारे*

मार्टिन चौतारीमा बोल्न आमन्त्रित गरिने वक्ता र भाग लिन आउने सहभागीहरूमा कसरी लैङ्गिक रूपमा सन्तुलित पार्ने भन्ने बारेमा लामो समयदेखि एक प्रकारको चिन्ता रहेको देखिन्छ । सार्वजानिक बहसमा कसरी महिलाहरूको

उपस्थितिलाई बढाउने भन्ने बारेमा २०६७ मङ्सिर ५ गते विश्वविद्यालयमा अध्ययनरत छात्रा, विश्वविद्यालयमा पढाउने महिला शिक्षक, संघसंस्थामा कार्यरत महिला प्रतिनिधि, र महिला लेखकसाग मार्टिन चौतारीले एक विशेष छलफल आयोजना गरेको थियो । यस छलफलमा उनीहरूले यस्ता सार्वजनिक छलफलमा महिला कम हुनुमा समाजको संरचनागत कारण र त्यसले निर्धारण गरेको सामाजिकीकरणको प्रक्रियालाई दोष दिएका थिए । यस्तो संरचनालाई एजेन्सीगत प्रयासवाट परिवर्तन गर्न सकिने आस राखेका थिए । उनीहरूले चौतारीमा हुने छलफल तथा बहसमा महिला वक्ताहरूलाई आमन्त्रण गर्न सके यस्ता बहस तथा छलफलमा महिलाहरूको उपस्थिति बढ्ने कुरा उनीहरूको बुझाई थियो । यो छलफलबाट आएका सुझावलाई डिसेम्बरबाट कार्यान्वयन गर्ने प्रयास गरिएको छ र त्यसको केही राम्रो परिणाम पनि आइसकेको छ ।

### *१.८ मुख्य वक्ताबारे*

वक्ताहरू छनौट गर्दा लैङ्गिक, जातीय, विषयगत र अन्य रूपले समावेशी र सन्तुलित कसरी गर्न सकिन्छ र उनीहरूको प्रस्तुतिबाट सहभागीले कति फाइदा लिन सक्छन भन्ने कुरा ध्यान दिई वक्ता छनौट गर्ने गरिएको छ । छनौट गर्ने कार्य चौतारीका विभिन्न विभागका सहकर्मीसँगको सरसल्लाह र चौतारीका नियमित छलफलमा भाग लिन आउने सहभागीहरूसँगको सरसल्लाहबाट निर्णय गरिन्छ । चौतारीका छलफलका विषयहरू वृहत सार्वजानिक चासोका हुन् भन्नका लागि चौतारी भन्दा बाहिरका व्यक्तिहरूसँग पनि चौतारीका छलफलमा के विषय र को वक्ता बनाउने भन्ने विषयमा छलफल गर्ने गरिएको छ ।

### *१.९ Events बारे*

चौतारीले यस वर्ष मिडिया, वातावरण, समाजविज्ञान, कला साहित्य र नाटक र अन्य समसामयिक आदि विषयमा विभिन्न Event हरूको आयोजना गऱ्यो । २०६७ पुस ११ मा नेपालबाट प्रकाशित हुने समाज विज्ञानका जर्नलका सम्पादक तथा प्रकाशकहरूसग एक दिने बृहत छलफलको आयोजना गरिएको थियो । सम्भवतः यस्तो छलफल नेपाली समाजविज्ञानका क्षेत्रमा पहिलो थियो । यसले नेपाली प्राज्ञिक प्रकाशन परम्पराका विभिन्न पक्षबारेमा बहस गरेको थियो । यस छलफलमा उपत्यका बाहिर पोखरा र बाग्लुङ्गवाट निक्लने जर्नलका सम्पादकहरूको पनि उपस्थिति थियो ।

त्यसै गरी मार्टिन चौतारीले गरेको अर्को महत्वपूर्ण Event भने २०६७ फागुन २२ र २३ मा भएको महिला सम्मेलन हो । यो सम्मेलन गर्नुको निम्न उद्देश्यहरू थिए : समाजविज्ञानमा महिलाहरूको उपस्थितिलाई बढाउने, सार्वजानिक क्षेत्रमा महिलाहरूको आवाजलाई प्रबन्धन गर्ने, समाजविज्ञानमा महिला अनुसन्धाताको प्रवर्द्धन गर्ने र समसामयिक सामाजिक-राजनीतिक बहसमा महिला आवाज बुलन्द गर्ने । नेपाली समाजका विभिन्न विषयहरूमा गरिएका १७ ओटा अनुसन्धान कार्यपत्रहरू यस सम्मेलनमा प्रस्तुत भए । सम्मेलनमा समाज विज्ञानमा अनुसन्धानरत र चासो राख्ने विभिन्न तीन पुस्ताका झण्डै २०० जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा उपस्थितिको वर्गीकरण हेर्ने हो भने सन्तुलित र समावेशी देखिन्छ । सम्मेलनको पहिलो दिन ५० प्रतिशत भन्दा बढी महिलाको उपस्थिति रहेको थियो भने दोस्रो दिन उपस्थित हुने महिलाको सङ्ख्या ६० प्रतिशत भन्दा बढी थियो ।

त्यसै गरी २०६७ चैत १६ गते जापानमा गएको विनाशकारी महाभुकम्प र सुनामीले सिर्जना गरेको विपत्तिमा परेका समुदायको मानवीय संवेदनामा साथ दिँदै चौतारीले काव्यिक शोकसभा आयोजना गऱ्यो । यस सभामा लेखक, कवि, प्राध्यापक, पत्रकार, पूर्व राजदूत, कुटनीतिज्ञ र नेपालमा रहेका जापानी प्रतिनिधिको समेत उपस्थिति थियो ।

२०६८ वैशाख १२ मा चौतारीले नेपालमा अनुसन्धानरत संस्थाहरूको दीर्घकालीन दीगोपन (विशेषतः आर्थिक पक्ष) कसरी सुनिश्चित गर्न सकिन्छ भन्ने बारेमा एक विशेष बहसको आयोजना गरेको थियो । यो बहसमा सामाजिक अनुसन्धानमा लामो समयदेखि संलग्न अनुसन्धानकर्मी, अनुसन्धानरत संस्थाका प्रमुख व्यक्ति, अनुसन्धान आधारित

संस्थालाई आर्थिक दान दिने व्यक्तिहरू, प्राध्यापक, प्राज्ञ र सामाजिक अभियन्ता लगायत झन्डै ४० जनाको उपस्थिति थियो । यस्ता ज्ञान उत्पादन गर्ने संस्थाहरू दातृ निकायको Funding को प्राथमिकतामा कम पर्ने र विकासउन्मुख देशका सरकारहरू पनि यस्ता काममा कम चासो दिने धारणा सहभागीहरूको थियो । साथै, यस्ता अनुसन्धानमुखी संस्थाहरूलाई कर्पोरेट जगत वा कुनै निजी तवरबाट समेत आर्थिक सहयोग नहुने परिस्थितिमा प्राज्ञिक संस्थाहरू हाम्रो जस्तो देशमा कसरी सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा यो छलफल केन्द्रित थियो ।

२०६८ जेठ ११ का दिन मार्टिन चौतारीले समसामयिक कविता वाचन कार्यक्रमको आयोजना गऱ्यो । यो कविता बाचन कार्यक्रमा ३० जना समकालीन नेपाली कविहरूले आफ्ना कविता वाचन गरेका थिए भने ८० जनाभन्दा वढीले यस कार्यक्रममा सहभागी जनाएका थिए । कविता सामाजिक अनुभव र भावनाको उच्चतम रूप हो भन्ने बुझाइको आधारमा यो कार्यक्रम आयोजना गरिएको थियो । त्यसै गरी २०६८ असार १३ मा भारतीय रङ्कर्मी प्रणव मुखर्जीले चौतारीमा एकल नाटक प्रर्दशनी तथा छलफल गरे । यस अवसरमा झन्डै ५० जना नाट्यप्रेमीको उपस्थिति थियो ।

## २. पुस्तक/जर्नल प्रकाशन

पुस्तक/जर्नल प्रकाशन चौतारीको अर्को नियमित कार्य हो । यस आर्थिक वर्षमा मार्टिन चौतारी पुस्तक शृङ्खलाअन्तर्गत जम्मा आठ ओटा पुस्तक प्रकाशित भए । प्रकाशित पुस्तकहरू निम्न छन् :

१. *Out Here in Kathmandu: Modernity on the Global Periphery* (2010, Chautari Book Series 59, Mark Liechty)
२. *मिडिया तालिमः नेपाली अभ्यासको लेखाजोखा* (सन् २०१०, चौतारी पुस्तक शृङ्खला ६०, देवराज हुमागाईं, शेखर पराजुली, हर्षमान महर्जन र अर्जुन पन्थी)
३. *नेपाली सेनाः नागरिक नियन्त्रणका चुनौती* (सन् २०१०, चौतारी पुस्तक शृङ्खला ६१, सुधीर शर्मा, सं.)
४. *History as Mindscapes: A Memory of the Peasants' Movement of Nepal* (2010, Chautari Book Series 62, Yogesh Raj)
५. *नेपालीय हुनलाई...*(सन् २०११, चौतारी पुस्तक शृङ्खला ६३, सीके लाल, रमेश पराजुली, सं.)
६. *Looking at Development and Donors: Essays from Nepal* (2011, Chautari Book Series 64, Devendra Raj Panday, Seira Tamang, ed.)
७. *मिडिया अध्ययन* ६ (सन् २०११, चौतारी पुस्तक शृङ्खला ६५, देवराज हुमागाईं, शेखर पराजुली, प्रत्यूष वन्त र हर्षमान महर्जन, सं.)
८. *विविधताभित्रका विभेदः नेपालको शिक्षामा सामाजिक असमानता* (सन् २०११, चौतारी पुस्तक शृङ्खला ६६, प्रमोद भट्ट, सं.)

माथिकोमध्ये पछिल्लो पुस्तकको चाहिँ अन्तिम चरणमा सम्पादन कार्य भइरहेको छ । मार्टिन चौतारीबाट यो आ.व.मा प्रकाशित प्रायः सबै पुस्तकका समीक्षा नेपाली छापामा भएका छन् । यसै गरी *Studies in Nepali History and Society* का Vol 14(2), 15(1) र 15(2) तीन अङ्क मार्टिन चौतारीको सम्पादकीय संलग्नतामा तयार गरी मण्डला बुक प्वाइन्टबाट प्रकाशित भए । 16(1) June 2011 अङ्कमा काम हुँदैछ । Vol 1-15 सम्म प्रकाशित सामग्रीहरूको लेखक index www.martinchautari.org.np/index.php?option=com_content&view=article&id=171 मा उपलब्ध छ ।

डा. जगन्नाथ अधिकारीको 'The travel account of the conflict years' नामक पुस्तकको पाण्डुलिपि सम्पादन सुरु भइसकेको छ । एल.एस. बरालको प्राज्ञिक लेखहरूको सङ्ग्रह (अङ्ग्रेजीमा) को पूर्व प्रकाशनको काम प्रायः सकिएको छ । यसका सम्पादकद्वय रमेश पराजुली र प्रत्यूष वन्तले उक्त सङ्ग्रहको परिचय लेखेपछि अर्को आ.व.मा यसलाई प्रकाशित गरिनेछ । त्यसै गरी माइकल हटका लेखहरूको सङ्ग्रह र जे.वी. विश्वकर्माको मिडिया र दलितसम्बन्धी पुस्तकमा पनि काम सुरु भएको छ ।

चौतारीका पुस्तकहरू हिमाल किताब प्रा.लि. मार्फत बजारमा वितरण भइरहेका छन् । उक्त संस्थाले उधारोमा पुस्तक पसलहरूमा उपलब्ध नगराउने नयाँ नीति लिएको हुँदा केही पुस्तक विक्रेताहरूले मा.चौ.का पुस्तकहरू पर्याप्त सङ्ख्यामा स्टक गर्न नसकेको बताएका छन् । वितरकसँग कुरा गर्दा यो समस्या पनि चाँडै सल्टिने विश्वास दिलाइएको छ । मा.चौ.का नयाँ प्रकाशनहरू काठमाडौँ उपत्यका र बाहिरका विभिन्न पुस्तकालय, र समीक्षाका लागि उपत्यकाका पत्रपत्रिका तथा व्यक्तिहरूलाई निःशुल्क उपलब्ध गराउने कार्य पनि भइरहेको छ ।

## ३. मार्टिन चौतारी पुस्तकालय

मार्टिन चौतारी पुस्तकालयमा २०६८ असार मसान्तसम्ममा जम्मा १६ हजार ३४१ ओटा पुस्तक, थेसिस, अप्रकाशित प्रतिवेदनहरू सङ्कलित छन् । हाम्रो सङ्कलनमा मिडियाका पुस्तक र अप्रकाशित प्रतिवेदनहरू (नेपाली र विदेशी) गरी जम्मा ३ हजार ३०० छन् । अप्रकाशित प्रतिवेदन करिव २००, नेपाली मिडियाबारेका कार्यपत्रहरू २५५, शोधपत्रहरू १८० (मिडिया र गैर-मिडिया) र मिडियासम्बन्धी लेखहरू १ हजार १७० छन् । नेपालसम्बन्धी मिडिया बाहेकका लेखहरू ७५८ छन् । मिडियाबाहेक अन्य पुस्तकहरूमा राजनीतिशास्त्र, लैङ्गिकता, शिक्षा, वातावरण, इतिहास, धर्म, स्वास्थ्य, अर्थशास्त्र, साहित्य आदि विषयका पुस्तकहरू पनि रहेका छन् ।

### *३.१ पुस्तकालयमा थपिएका पुस्तक/जर्नल/लेखहरू*

पुस्तकालयमा रहेका पुस्तकहरूमध्ये २०६७ साउन १ देखि २०६८ असार मसान्तसम्ममा जम्मा १५३७ ओटा पुस्तकहरू थपिएका छन् । यीमध्ये ८४९ ओटा मात्र किनिएका र बाँकी ६८८ ओटा पुस्तकहरू उपहारस्वरूप चौतारी पुस्तकालयलाई प्राप्त भएका छन् । पुस्तकहरू सङ्कलन गर्न सजिलो होस् भनेर अबदेखि काठमाडौँ उपत्यकाको मुख्य-मुख्य पुस्तक पसलहरूमा एक-एक जना प्रतिनिधिसँग सम्पर्क गरी पुस्तकहरू ल्याउने व्यवस्था गरिएको छ । नयाँ पुस्तकको क्रमसँगै नेपालसँग सम्बन्धित पुराना पुस्तकहरू पनि सङ्कलन गर्ने कार्य भइरहेको छ । बेलाबेलामा सामग्रीहरू उपहारस्वरूप चौतारीलाई प्राप्त हुने गरेका छन् । २०६७ मङ्सिर महिनामा मोहनविक्रम ज्ञवालीले पुस्तक, रिपोर्ट, जर्नल, म्यागेजिनहरू गरी ३५९ ओटा सामग्री पुस्तकालयलाई उपहारस्वरूप दिएर सहयोग गरेका छन् ।

मार्टिन चौतारी पुस्तकालयमा यो वर्ष नेपालबाट प्रकाशित जर्नल/अनुसन्धानात्मक पत्रिका सङ्कलन गर्ने कार्य भइरहेको छ । यस पुस्तकालयमा नेपालबाट प्रकाशित १८३ सहित देश विदेशका गरी ३०० शीर्षकका जर्नलहरू सङ्कलित छन् । यसमा त्रिभुवन विश्वविद्यालयका केन्द्रीय विभागहरू, नेपालको पूर्वदेखि पश्चिमसम्मका आङ्गिक क्याम्पसहरू, विद्यार्थी समूहहरू, व्यक्ति, निजी तथा सरकारी कार्यालय, अनुसन्धान केन्द्रहरू आदिले प्रकाशन गर्ने जर्नलहरू रहेका छन् । सङ्कलित जर्नलहरू समाजशास्त्र मानवशास्त्र, इतिहास, विकास, भाषा, संस्कृति आदि विविध विषयका छन् ।

वाणिज्यशास्त्र, विज्ञान प्रविधि तथा चिकित्साशास्त्रका जर्नलहरू भने सङ्कलनमा परेका छैनन् । काठमाडौंबाट प्रकाशित हुने जर्नलहरू रमेश राईले सङ्कलन गर्नुभएको छ भने काठमाडौं बाहिरबाट प्रकाशित हुने जर्नलको चाहिँ चौतारीका अन्य साथीहरूले सङ्कलन गर्नुभएको हो । व्यक्तिगत चिनजानका आधारमा पनि जर्नलहरू यस पुस्तकालयमा आउँछन् ।

पुस्तक, जर्नलबाहेक मिडियासम्बन्धी अनुसन्धानमूलक लेखहरूको सङ्कलन गर्ने कार्य पनि भइरहेको छ । यी लेखहरू विभिन्न पुस्तक, जर्नल तथा म्यागेजिनबाट सङ्कलन गरिएको हो । सङ्कलन गरिएका लेखहरूलाई फाइल क्याबिनेटमा फाइलिङ्ग गरी राखिएको छ । यसका साथै नेपालमा भइरहेका विभिन्न सेमिनारहरूमा प्रस्तुत गरिएका सेमिनार पेपरहरूको पनि सङ्कलन भइरहेको छ ।

२०६६ वैशाखदेखि प्रेस काउन्सिलबाट नियमित रूपमा मिडियाका क्लिपिङ्स ल्याउने र फाइलिङ्ग गर्ने कार्य भइरहेको छ ।

### *३.२ पत्रपत्रिकाहरू*

पुस्तकालयमा सबैजसो दैनिक र साप्ताहिक पत्रपत्रिकाहरू उपलब्ध छन् । नेपाली दैनिक पत्रपत्रिकाहरूमा *कान्तिपुर, गोरखापत्र, नागरिक, अन्नपूर्ण पोष्ट* लगायत १२ शीर्षकका नियमित पत्रिकाहरू छन् । अङ्ग्रेजीमा *The Kathmandu Post, Republica, The Himalayan Times* गरी चार शीर्षकका दैनिक पत्रिकाहरू सङ्ग्रहित छन् । साप्ताहिकतर्फ *देशान्तर, जनादेश, बुधबार* आदि गरेर २२ शीर्षकमा पत्रपत्रिकाहरू छन् । यी अङ्ग्रेजी र नेपाली भाषाका हुन् । नेपाल तथा विदेशबाट निस्केका म्यागेजिनहरू पनि यस पुस्तकालयमा उपलब्ध छन् । नेपालबाट र विदेशबाट निस्कने म्यागेजिनहरू करिब १७ ओटा छन् । नेपालबाट निस्कनेमा *नेपाल, हिमाल* आदि छन् भने विदेशबाट निस्कनेमा *इन्डिया टुडे, आउट लुक* आदि छन् ।

### *३.३ इ-जर्नल*

अध्ययन अनुसन्धानको लागि अनलाइन जर्नलहरू निकै उपयोगी मानिन्छ । ई-जर्नलहरू उपलब्ध गराउनेमध्ये नेपालमा २००९ देखि सञ्चालनमा आएको संस्था {Nepal Library and Information Consortium (NELIC)} हो । मार्टिन चौतारी २००९ मा NELIC को सञ्चालक समितिको सदस्य भएको छ । NELIC को सदस्य भएवापत मार्टिन चौतारीले विभिन्न e-resources हरू निशुल्क प्राप्त गर्दै आएको छ । यस पुस्तकालयमा उपलब्ध भएका e-resources हरू प्रायः सबै NELIC बाट निशुल्क उपलब्ध भएका हुन् । उपलब्ध इ-जर्नलहरू मध्ये Project Muse (e-resources) भने सशुल्क Subscribe गरिएको छ । चौतारीमा Acoustical Society of America; American Institute of Physics; Annual Reviews; Beech Tree Publishing; Cambridge University Press; Geological Society; JSTOR; Mary Ann Liebert; OSA - Optical Society of America; Oxford University Press - Oxford Journals; Oxford Textbook of Medicine; Project MUSE; Royal Society - Royal Society Journals Online; Symposium Journals; The Policy Press; University of Chicago Press विभिन्न प्रकाशकले प्रकाशन गर्ने इ-जर्नलहरू पनि उपलब्ध छन् ।

यो आ.व.मा नेपालसम्बन्धी सन्दर्भग्रन्थहरूको सन्दर्भग्रन्थ बनाउने काम रमिता महर्जन र उपासना पण्डितले गरे । यो सन्दर्भग्रन्थमा पुस्तक आकारमा प्रकाशन भएका सन्दर्भग्रन्थलाई मात्र समेटिएको छ । यो मार्टिन चौतारीको वेव साइटमा अपलोड गरिएको छ । यसका लागि http://www.martinchautari.org.np/research-aids/bibliographies.html मा हेर्न सकिने छ ।

### *३.४ इन्टर्न/अल्पकालीन कर्मचारी*

पुस्तकालयमा कामको चापलाई मध्यनजर गरी बेलाबेलामा एक व्यक्तिलाई कम्तीमा ६ महिनाका लागि पुस्तकालय सहयोगीका रूपमा इर्न्टन गर्न पाउने व्यवस्था गरिएको छ । यो आ.व.मा अस्मिता काफ्लेले २०६७ साउन १५ देखि माघ १४ सम्म पुस्तकालयमा काम गरिन् । अर्का इन्टर्न अमोल आचार्य २०६७ फागुन १ देखि इन्टर्नका रूपमा काम गरिरहेका छन् । इन्दिरा पौडेललाई अस्थायी रूपमा ५ महिना (चैत मध्यदेखि भदौमध्यसम्म) का लागि नियुक्त गरिएको छ ।

### *३.५ विविध*

यसै आ.व.मा पुस्तकालयमा पुस्तकहरूको लागि ७ ओटा र्‍याक र अध्ययन कक्षमा पत्रपत्रिकाहरूको लागि ७ ओटा र्‍याक थपिएको छ । अहिले थपिएका र्‍याकबाट १ बर्षका लागि पुस्तकहरू र २ बर्षका लागि पत्रपत्रिकाहरू राख्न ठाउँ पुग्ने देखिन्छ ।

उपयोगकर्ताहरूका लागि पुस्तकालयमा राखिएको दर्ता रजिस्टरअनुसार यस आ.व. मा पुस्तकालयमा विभिन्न सेवा लिनेको सङ्ख्या १६३७ छ । औसतमा १०/१२ जनाले दैनिक पुस्तकालय प्रयोग गरेको पाइएको छ । मार्टिन चौतारीका कर्मचारी, सदस्य, फेलो र पुस्तकालय प्रयोगकर्ताले विभिन्न सेवाहरू लिएका छन् । विभिन्न सेवाहरूमध्ये फोटोकपि सेवा लिनेको सङ्ख्या ११०२ छ । ८९७ पुस्तकहरू पुस्तकालय कर्मचारी र मार्टिन चौतारीका सदस्यहरूबाट इस्यू भयो । ३११ जति पुस्तकहरू मार्टिन चौतारीका Fellow बाट इस्यू भयो । त्यसै गरी Internet को सेवा लिनेको सङ्ख्या ८७५ भयो ।

यस पुस्तकालयमा भएका सामग्रीहरू जतिसक्दो धेरै प्रयोग होस् भनेर चौतारीले आफ्ना नियमित छलफलमा पनि उपलब्ध सामग्रीहरूको बारेमा सूचना दिने कार्य भइरहेको छ । विगत वर्षहरूमा पत्रकारिता पढाइ हुने विभिन्न क्याम्पसका विद्यार्थीलाई बोलाएर मार्टिन चौतारी पुस्तकालयको बारेमा जानकारी दिने गरिएको थियो । यो वर्षमा उक्त काम हुन नसके पनि यसलाई पुन निरन्तरता दिने योजना छ ।

पुस्तकालयमा भएका सामग्रीलाई कम्प्युटर डेटावेसमा राखिएको छ । पाठकले आफूले चाहेको सामग्रीहरू कम्प्युटरमार्फत खोजेर उपयोग गर्न सक्छन् ।

## ४. मिडिया अनुसन्धान इकाई

### *४.१ पुस्तक सङ्कलन*

चौतारी स्रोत सामग्री केन्द्रमा कार्यपत्र र प्रकाशित अनुसन्धानमूलक तथा विश्लेषणात्मक लेख, शोध ग्रन्थ र अप्रकाशित प्रतिवेदन, पुस्तकहरू सङ्कलन गर्ने काम गरियो । पुस्तकालयबारे थप चर्चा मार्टिन चौतारी पुस्तकालय उपशीर्षकमा अगाडि नै गरिएको छ ।

### *४.२ पुस्तक प्रकाशन*

यो आ.व.मा मिडियासम्बन्धी दुईओटा पुस्तकहरू प्रकाशन भए । आ.व. २०६६/६७ मा तयार पारिएको मिडिया तालिमसम्बन्धी प्रतिवेदनलाई परिमार्जन र परिस्कार गरी पुस्तकाकारमा *मिडिया तालिमः नेपाली अभ्यासको लेखाजोखा* प्रकाशित गर्ने काम भयो । देवराज हुमागाईं, शेखर पराजुली, हर्षमान महर्जन र अर्जुन पन्थीले सहलेखन गरेको त्यस पुस्तक प्रकाशन गर्न अमेरिकी दातृसंस्था ओपन सोसाइटी इन्स्टिच्युट (ओएसआई) ले आंशिक आर्थिक सहयोग पनि गरेको थियो । नेपालमा मिडिया तालिममा संलग्न विभिन्न संघसंस्थालाई यो पुस्तक उपलब्ध गराइएको थियो ।

वार्षिक मिडिया जर्नल *मिडिया अध्ययन*को छैटौँ अङ्क (सन् २०११) यस आ.व.मा प्रकाशित भयो । जम्मा ३४० पेजको यो जर्नलमा १८ जना लेखकका विभिन्न सामग्री छापिएको छ । जर्नलको यस अङ्कको संयोजन र सम्पादन देवराज हुमागाई, शेखर पराजुली, प्रत्यूष वन्त र हर्षमान महर्जनले गर्नुभएको हो ।

जेबी विश्वकर्माद्वारा लेखिएको पुस्तक 'नेपाली मिडिया र दलित' को पाण्डुलिपिलाई यो आ.व.मा समिक्षा गरियो । यसको समिक्षा शेखर पराजुली र दलित नेटवर्कका गणेश वि.क.द्वारा भयो । उहाँहरूको सुझावका आधारमा लेखकले उक्त पुस्तक परिमार्जन गरिरहेका छन् । अर्को आर्थिक वर्षमा यो पुस्तक छाप्ने योजना छ । यसै आ.व. मा छाप्ने योजना रहेको भए पनि लेखकले समयमा काम गरिनसकेका कारण आउँदो आ.व.का लागि सारिएको हो ।

*४.३ अनुसन्धान*

यस वर्ष मिडिया अनुसन्धान समूह नेपालमा म्यागेजिनकारिताको अध्ययनमा व्यस्त रह्यो । यसै कामका लागि बन्दना ढकाललाई अनुसन्धान सहायक पदमा छोटो समयका लागि नियुक्त गरिएको थियो । उनलाई साहित्यिक म्यागेजिनसम्बन्धी अनुसन्धान गर्ने जिम्मा दिइएको छ । उनीसहित प्रत्यूष वन्त, अर्जुन पन्थी र हर्षमान महर्जनले मार्टिन चौतारी भित्रबाट नेपाली म्यागेजिनका विभिन्न पक्षबारे अध्ययन गरेका थिए । वन्तले जनजाति म्यागेजिनबारे, पन्थीले २०४७ सालपछि निस्केको न्यूज म्यागेजिन *जनमञ्च*बारे र महर्जनले पञ्चायतमा निस्केको म्यागेजिन *रमझम*को अध्ययन अनुसन्धान गरेका थिए । यी व्यक्तिले आफ्नो अध्ययनबाट अनुसन्धनात्मक लेखको पहिलो मस्यौदा तयार गरिसकेका छन् । पोखरामा शिव पौडेललाई त्यहाँबाट निस्कने म्यागेजिन खोज्ने र तिनको एनोटेटेड लिस्ट बनाउन भनी २ महिनाको सम्झौता गरिएअनुसार उक्त सूची तयार भइसकेको छ । अर्जुन पन्थीले नेपालका विभिन्न ठाउँबाट निस्कने म्यागेजिन सङ्कलन गर्ने काम गरेका थिए । सङ्कलित म्यागेजिनहरूको सूची (डेटाबेस) बनाउने काम तीर्थ विष्ट र अर्जुन पन्थीबाट भइरहेको छ ।

साथै, २०४७ सालदेखि २०६७ सालसम्म निस्केका मुख्य-मुख्य म्यागेजिनहरूको विकासक्रम (टाइमलाईन) तयार पारिएको छ । त्यही टाइमलाईनलाई आधार मानेर त्यो समयभित्रको म्यागेजिनकारीताको नालीवेली (Landscape) को अध्ययन अनुसन्धान पनि भइरहेको छ । यो सँगसँगै गैरसाहित्यिक म्यागेजिनसम्बन्धी लेखिएका लेख, अनुसन्धानपत्र आदि समेटेर सन्दर्भसूची तयार गरिएको छ । यही वर्षमा त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्यिक पत्रिकाबारे लेखिएका शोधपत्रहरूको सन्दर्भग्रन्थ बनाउने र त्यसबारे अनुसन्धान गर्ने काम भयो । त्यस अनुसन्धानबाट प्राप्त बन्दना ढकालको लेखलाई *मिडिया अध्ययन* ६ मा छापिएको छ भने सन्दर्भग्रन्थ मार्टिन चौतारीको वेबसाइटमा अपलोड गरिएको छ ।

त्यस्तै एफएम रेडियोसम्बन्धी अनुसन्धानलाई अगाडि बढाउने क्रममा देवराज हुमागाईंले काठमाडौंबाहिरका विभिन्न स्थानमा गएर एफएम रेडियो सम्बद्ध व्यक्तिहरूसँग छलफल गर्ने र अवलोकन भ्रमण गर्ने काम गरे । यस सिलसिलामा पोखरा, विराटनगर, धरान, झापा, इलाम, महेन्द्रनगर, धनगढी, नेपालगञ्ज र वीरगञ्जका एफएम रेडियोको बस्तुस्थिति बुझ्ने काम भयो । राष्ट्रियता र मिडियाबारे काठमाडौंबाहिर क्षेत्रीय कार्यशाला गोष्ठी सञ्चालन गर्नेक्रममा नै एफएम रेडियोको अनुसन्धान गर्नेसमेत उद्देश्य लिएर ती भ्रमणहरू गरिएका थिए । यी छलफल र अवलोकन भ्रमण आउँदो वर्षमा निस्कने एफएम रेडियोबारे पुस्तक प्रकाशनका लागि सहयोगी हुनेछन् ।

यसबाहेक चौतारी बाहिरबाट मदन पुरस्कार पुस्तकालय, इन्द्रध्वज क्षेत्री, बसन्त महर्जनसँग म्यागेजिनसम्बन्धी अनुसन्धान गर्नका लागि सम्झौता गरिएको थियो । यसअन्तर्गत मदन पुरस्कार पुस्तकालय (मपुपु)सँग वि.सं. १९९१ देखि २००७ सालसम्म प्रकाशन भएका र मदन पुरस्कार पुस्तकालयमा रहेको पत्रपत्रिकाको विवरणात्मक अध्ययन गर्ने प्रतिवद्धता अनुरूप यसै आ.व. भित्र यो काम सम्पन्न भइसकेको छ । नेपाली भाषामा तयार पारिएको प्रतिवेदन मपुपुले मार्टिन चौतारीमा बुझाइसकेको छ । सो प्रतिवेदनलाई उसले आफ्नो वेबसाइटमा पनि राखेको छ । क्षेत्रीले संविधानसभाबारे *हिमाल* र *नेपाल* म्यागेजिनले समेटेको विषयवस्तु अध्ययन गरेका छन् । र, उनले पहिलो मस्यौदा चौतारीलाई बुझाइसकेका छन् । वसन्त महर्जनलाई दुई ओटा अनुसन्धान गर्न दिइएको थियो । जसमध्ये पहिलो, नेवार पत्रिकामा भएको संविधानसभासम्बन्धी बहसबारे आधारित लेख 'नेवार समुदायमा संविधान निर्माणबारे बहस : सन्ध्या टाइम्सको कभरेज' *मिडिया अध्ययन* ६ मा छापिइसकेको छ । उनले गर्ने दोस्रो अनुसन्धान नेवार भाषाका विभिन्न म्यागेजिनको विश्लेषण हो । उनको शारीरिक अस्वस्थताका कारण सो अनुसन्धानकार्य ढिलो हुन पुगेको छ । चौतारी भित्र र बाहिरका व्यक्तिको अनुसन्धानात्मक लेख सङ्कलन गरी आगामी आ.व. मा नेपाली म्यागेजिनसम्बन्धी पुस्तक प्रकाशित गर्ने योजना छ ।

यसै आ.व.मा कृष्ण अधिकारीलाई वीरगञ्जका एफएम रेडियोको अनुसन्धान गर्न चौतारीले रकम उपलब्ध गराएको छ । सोही अनुसार वीरगञ्जमा अनुसन्धान कार्य सकेर लेख लेख्ने काम भइरहेको छ । उक्त लेखलाई आगामी आ.व.मा प्रकाशित गर्ने *मिडिया अध्ययन* ७ मा प्रकाशन गर्ने योजना छ । यसै गरी यही आ.व. मा प्रत्यूष वन्तले प्राज्ञिक जर्नलबारे अनुसन्धान गरी तयार पारेको लेखलाई SINHAS 15(2) मा छापिएको छ ।

### *४.४ मिडिया फेलोसिप*

सन् २०१० मा मिडिया फेलोसिपको आह्वान गरिएको थियो । जसमा १९ ओटा आवेदन परेका थिए । त्यसमध्ये ३ जनालाई छनोट समितिले फेलोसिप प्रदान गर्ने निर्णय गरेको थियो । फेलोसिप पाएका ३ अनुसन्धातामध्ये निर्मलमणि अधिकारी-'Readability of Editorials in Nepali Broadsheet Dailies', टङ्क उप्रेती-'नेपाली वृत्तचित्रमा महिला उपस्थिति' र यकिन्द्र तिमिल्सिनाले 'कैलालीका एफएम रेडियोमा स्थानिय सामग्री' विषयमा अनुसन्धानवृत्ति पाएका थिए । त्यसमध्ये निर्मलमणि अधिकारी र टङ्क उप्रेतीले आफ्नो काम सकेर प्रतिवेदन बुझाए । उनीहरूको प्रतिवेदन लेखमा रूपान्तरित भई *मिडिया अध्ययन* ६ मा छापिएको छ । भने यकिन्द्र तिमिल्सिनाको परिस्कृत मस्यौदा आउन बाँकी छ । उनको लेखलाई *मिडिया अध्ययन* ७ मा समावेश गर्ने योजना छ ।

आगामी आर्थिक वर्ष २०६८/६९ को लागि मिडिया फेलोसिपको विज्ञापन प्रकाशित गरिसकिएको छ । यो फेलोसिपमा आवेदकहरूले मिडियासम्बन्धी लेखिएको स्नातकोत्तर तहको आफ्नो शोधपत्रलाई जर्नल लेखमा रूपान्तरण गर्नुपर्ने छ । यसरी प्रोत्साहित गरिएको लेखलाई आगामी वर्षको मिडिया अध्ययन जर्नलमा छाप्ने योजना छ ।

### *४.५ मिडियासम्बन्धी विशेष छलफल कार्यक्रमहरू*

मार्टिन चौतारीमा नियमित हुने मिडिया छलफलबारे बिहिबारे छलफल शीर्षकअन्तर्गत चर्चा भैसक्यो । त्यसका अतिरिक्त १० ओटा विशेष छलफल कार्यक्रमहरू पनि गरिएका थिए । विशेष छलफल कार्यक्रमअन्तर्गत मार्टिन चौतारीको अनुसन्धान प्राथमिकतामा नेपाली म्यागेजिनहरू परेकाले यस वर्ष म्यागेजिनकारिताबारे चारओटा कार्यक्रम गरिए । तीन ओटा कार्यक्रम राष्ट्रियता र मिडियाबारेका क्षेत्रीय गोष्ठी थिए भने बाँकी विविध विषयमा गरिएको थियो । यीमध्ये तीनओटा कार्यक्रमहरू काठमाडौंबाहिर गरिएको थियो । ती विशेष छलफल कार्यक्रमको विवरण निम्नअनुसार छन् :

| सि.नं. | कार्यक्रमको नाम | मिति | वक्ताहरू |
|---|---|---|---|
| १. | राष्ट्रियता, मिडिया र राष्ट्रवाद | २०६७ असोज १४ | सीके लाल |
| १. | 'नेपालमा न्युज म्यागेजिनको अभ्यास र चुनौती' | २०६७ असोज २१ | राजेन्द्र दाहाल, पूर्वसम्पादक-*हिमाल* र प्रशान्त अर्याल सम्पादक-*नेपाल* |
| २. | 'जनजाति म्यागेजिन प्रकाशनको अवस्था र चुनौती' | २०६७ मङ्सिर २ | प्रतिक तामाङ-*छारगोङ्मा,* सत्रुघन चौधरी- *विहान,* गणेश राई-*लिब्जुभुम्जु* |
| ३. | दलित म्यागेजिन प्रकाशनको अवस्था र चुनौती | २०६७ पुस १ | जेवी विश्वकर्मा-अनुसन्धानकर्ता, पदम विश्वकर्मा *दलित सन्देश* र रणवहादुर रम्तेल *जनउत्थान* मासिक । |
| ४. | नेपालमा महिला म्यागेजिनको अभ्यास र चुनौती | २०६७ माघ ६ | सुवास ढकाल- सम्पादक *नारी,* अमिका राजथला-सम्पादक *हसना,* सरिता ढकाल-व्यवस्थापक *महिला आवाज हाम्रो संसार* र निर्मला भण्डारी- प्रकाशक *महिला चिन्तन*। |
| ५. | सत्ता संयन्त्र र मिडियाको अर्थ-राजनीति | २०६७ माघ २७ | सीके लालको प्रस्तुतिमा, राजेन्द्र महर्जनको टिप्पणी सहित । |
| ६. | अनुजा बानियाँ प्रकरण र नेपाली मिडिया | २०६८ जेठ १९ | धर्म अधिकारी, मोहन मैनाली र युग पाठक |
| ७. | राष्ट्रियता, मिडिया र राष्ट्रवाद | २०६७ मङ्सिर २३, विराटनगर | सीके लाल |
| ८. | राष्ट्रियता, मिडिया र राष्ट्रवाद | २०६७ फागुन १२, महेन्द्रनगर | सीके लाल |
| ९. | वीरगञ्जका एफएम रेडियोको आर्थिक पक्ष र अन्तर्वस्तुमा परेको प्रभाव | २०६८ असार २२, वीरगञ्ज, पर्सा | महेश दास, शत्रुघन नेपाल र चन्द्रकिशोर |

### ४.६ *मिडिया अनुसन्धान सम्मेलन*

मार्टिन चौतारीले यसै वर्ष २०६७ चैत १३ मा 'मिडिया अनुसन्धान सम्मेलन-२' को आयोजना गऱ्यो । यसका लागि अनुसन्धानको सारसहितको आवेदन आह्वान गरेअनुरूप जम्मा १२ जनाको आवेदन परेको थियो । त्यसमध्ये ९ जनालाई छनोट गरी अनुसन्धान पत्र प्रस्तुतिको मौका दिइयो । यस सम्मेलनमा विभिन्न ३ ओटा सत्रमा जम्मा ९ जनाले आ-आफ्ना अनुसन्धान पत्र प्रस्तुत गरेका थिए । यी निम्नअनुसार छन् :

| क.सं. | नाम | विषय |
|---|---|---|
| १. | राधादेवी घिमिरे | A Study on Advertisements published by National Level Daily Newspaper from Gender Perspective (A Case Study on National Level Daily Newspaper "Kantipur") |
| २. | कृष्णराज सर्वहारी | नेपाली मिडिया र थारू पत्रकार |
| ३. | प्रत्यूष वन्त | Revisiting Janajati Magazines Published during the 1990s |
| ४. | विनोद ढुङ्गेल | श्रमजीवी पत्रकार कानून कार्यान्वयनको कसीमा नेपालका सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवीहरूको अवस्था-अध्ययन |
| ५. | निर्मलमणि अधिकारी र लक्ष्मणदत्त पन्त | Exclusion Institutionalized: Assessment of Journalism Education in the Universities of Nepal from Gender Perspective |
| ६. | हर्षमान महर्जन | पञ्चायतको प्रोपगान्डाः पञ्चायतमा मौलाएको म्यागजिन *रसभ्रस*को रामकहानी |
| ७. | दीपक अर्याल | नेपाली पत्रकारिता क्षेत्रमा "ग्राफिक्स" प्रयोगको परम्परा |
| ८. | इन्द्रध्वज क्षेत्री | नेपालको संविधान निर्माणबारे हिमाल र नेपाल खबरपत्रिकाको कभरेज |
| ९. | गोमा आचार्य | Glocalization on Kantipur Television is Reversal of Globalization |

### ४.७ *सार्वजनिक बुझाई* **(Public Meaning)** *सम्बन्धी अनुसन्धान*

यो आ.व.मा बेलायतको युनिभर्सिटी अफ लण्डन अन्तर्गत स्कूल अफ ओरियन्टल एन्ड अफ्रिकन स्टडिज (सोआस) र मार्टिन चौतारीका बीच 'लोकतान्त्रिक संक्रमणको समयमा नेपालमा भएको सार्वजनिक बुझाई' (Creation of Public Meaning during Nepal's Democratic Transition) बारे अनुसन्धान गर्ने र अनुसन्धाता आदानप्रदान गर्ने सहमति भयो । सो कार्यक्रमअन्तर्गत पहिलो वर्षको योजनाअनुसार सोआसका प्रोफेसर माइकल हटले चौतारीको नियमित छलफल कार्यक्रमअन्तर्गत 'संघीय गणतान्त्रिक नेपालमा राष्ट्रिय गानको छनोट' विषयमा २०६७ असोज १९ मा आफ्नो अनुसन्धान प्रस्तुत गर्नुभएको थियो । त्यस्तै, शिक्षा इकाईअन्तर्गतका फेलोहरूका लागि सञ्चालित कक्षामा पनि २०६७ चैत ६ मा उहाँले बेलायतको उच्च शिक्षा प्रणालीमा समता विषयमा आफ्नो प्रस्तुति राख्नुभएको थियो । सोही कार्यक्रमअन्तर्गत नै चौतारीका मिडिया अनुसन्धाता प्रत्यूष वन्त र देवराज हुमागाईं २०६७ चैत/वैशाख (सन् २०११ अप्रिल) महिनामा आफ्नो अनुसन्धानपत्र प्रस्तुत गर्न लण्डन गएका थिए । यो सहमति अनुरूपको पहिलो गोष्ठी आउँदो आ.व.को भदौमा नेपाल (मार्टिन चौतारी) मा हुँदैछ, जसमा करिब १५ जना अनुसन्धानकर्ताले आ-आफ्नो पत्र पेश गर्नेछन् ।

*४.८ लक्ष्यअनुरूप हुन नसकेका काम र कारण*

मिडिया अनुसन्धान इकाइको वार्षिक कार्य योजनाअन्तर्गत आ.व. २०६७/६८ मा मिडियासम्बन्धी नियमित छलफल शृङ्खलालाई निरन्तरता दिनेबाहेक १६ ओटा कामहरू सम्पन्न गर्ने लक्ष्य लिइएको थियो । तीमध्ये ४ ओटा कामहरू हुन सकेनन् । ती थिए, मिडिया र दलित पुस्तक, अनुसन्धानमा आधारित कुनै मिडियासम्बन्धी पुस्तक, एफएम रेडियोसम्बन्धी नीतिपत्र र मिडिया सन्दर्भसामग्रीको अनलाइन किताबको प्रकाशन ।

लक्ष्यअनुसार सम्पन्न गर्न नसकिएका कामहरू आन्तरिक वा बाह्य कारणले हुन सकेनन् । पहिलो त दलित मिडियासम्बन्धी पुस्तक प्रकाशन गर्ने भनिएकोमा लेखकलाई बारम्बारको ताकेताका बावजुद पनि उनको आफ्नै कार्य व्यस्तताका कारण आर्थिक वर्षको आधा समय सकिएपछि मात्र पुस्तकको पहिलो मस्यौदा बुझाए त्यसमा एकजना समीक्षकले समीक्षा गरेर दिएको सुझावमा काम गरी लेखकले दोस्रो मस्यौदा दिँदा आर्थिक वर्षको अन्तिम भइसकेको थियो । दोस्रो मस्यौदा पनि चौतारी बाहिरका दलित क्षेत्रमा काम गर्ने व्यक्तित्वलाई समीक्षा गराई लेखककहाँ पुनः परिमार्जनका लागि पठाइएको छ । आगामी आर्थिक वर्षको पहिलो त्रैमासिकमा पुस्तक तयार हुने गरी काम अगाडि बढिरहेको छ । दोस्रो पुस्तक कुनै विषय नतोकिए पनि चौतारीमा लामो समय काम गरी पोखरेली मिडियाबारे केही अनुसन्धानमूलक लेखहरू प्रकाशन गरिसकेका शेखर पराजुलीको लेखहरूलाई एकतृत गरी पुस्तक निकाल्ने वा हर्षमान महर्जनको शोधपत्र तथा उनले पहिले गरेका काममा आधारित रही पञ्चायतकालमा स्थापना भएका सरकारी मिडिया संस्थानहरूबारे गर्न सकिन्छ भन्ने सोचाइले योजनामा पारिएको थियो । शेखर पराजुलीले आफ्नै कार्य व्यस्तताका कारण पुस्तकका लागि समय दिन सकेनन् भने महर्जन पनि यसै वर्ष एसएनभी अन्तर्गतको सर्फद्वारा प्रदान गरिएको फेलोसिप पाएर त्यतातिरको अनुसन्धानमा समय दिनुपरेकाले चौतारीको योजनाअन्तर्गत परेको यो कामलाई स्थगित गरियो । एफएम रेडियोसम्बन्धी *नीति पत्र* र मिडिया विब्लियोग्राफीसम्बन्धी अनलाईन पुस्तक पनि जनशक्तिको समय अभावका कारण सम्पन्न हुन सकेनन् । नीतिपत्र लेखनका लागि तोकिएका देवराज हुमागाईं आर्थिक वर्षको सुरुमा मिडिया तालिमसम्बन्धी पुस्तक प्रकाशन तथा अन्तिमतिर मिडिया अध्ययन जर्नलको सम्पादन र प्रकाशनमा प्रमुख भूमिकामा रहेका थिए । यी दुवैका लागि सोचेभन्दा बढी नै समय दिनुपरेकाले नीतिपत्रको काम हुन पाएन । यो काम पनि आगामी आ.व. को पहिलो त्रैमासिकभित्र गर्ने योजना छ । अनलाईन मिडिया विब्लियोग्राफीको काम केही अगाडि बढेको भए पनि त्यसका लागि पर्याप्त सामग्री जुटाउन नसकिएकाले पुस्तकका रूपमा प्रकाशन गर्ने काम यो वर्षका लागि स्थगित गरियो । यद्यपि नेपाली मिडियाका विभिन्न विषयबारेका सन्दर्भ सामग्री तयार पार्दैजाने तथा छुट्टाछुट्टै रूपमा वेवसाइटमा प्रकाशन गर्ने काम भने भइरहेको छ ।

## ५. लोकतन्त्र र शासनपद्धति (Democracy and Governance) इकाई

मार्टिन चौतारीले आ.व. २०६७-६८ मा Democracy and Governance (लोकतन्त्र र शासनपद्धति) शीर्षकअन्तर्गत विभिन्न कार्यक्रमहरू प्रस्ताव गरेको थियो जसमध्ये संविधान निर्माण प्रक्रियालाई नजिकबाट अनुगमन गर्दै *नीति पत्र*हरू प्रकाशन गर्ने, राष्ट्रियता र मानव सुरक्षा विषयमा विभिन्न जिल्लाहरूमा क्षेत्रीय र जिल्लास्तरीय सघन अन्तरक्रियात्मक छलफल गराउने लक्ष्य राखिएको थियो । सोहीअनुरूप आ.व. २०६७-६८ मा निम्न कार्यहरू सम्पन्न भए ।

*५.१ नीति पत्रहरूको प्रकाशन*

माथि भनिएझैं चौतारीले संविधानसभालाई केन्द्रविन्दुमा राखेर यस आर्थिक वर्षमा दुई ओटा *नीति पत्र* -*नीति पत्र* ४: संविधानसभामा उपस्थिति र सहभागिता, असोज २०६७ मा, र *नीति पत्र* ५: समयसीमा, लोकतन्त्र तथा लोकप्रिय एवं लोकतान्त्रिक संविधान, जेठ २०६८ प्रकाशन गरिसकेको छ । *नीति पत्र*हरू अङ्ग्रेजी र नेपाली दुवै भाषामा छापेर व्यापक वितरण गर्ने गरिएको छ । प्रत्येक अङ्क नेपालीमा २ हजार प्रति र अंग्रेजीमा १ हजार प्रति छापिएको थियो । यी

पत्रहरू चौतारीको वेबसाइटमा राख्ने गरिएको छ । इमेलमार्फत पनि विभिन्न व्यक्ति या संस्थाहरूसम्म लिंक पठाइएको छ । रुचि हुने जोसुकैले सजिलै यसलाई डाउनलोड गर्न सक्छन् । त्यस्तै सो पत्र डिजिटल हिमालय नामक वेबसाइटमा पनि राखिएको छ । *नीति पत्र* ३ र ४ लाई सामान्य परिमार्जनसहित *Studies in Nepali History and Society* जर्नलमा पनि प्रकाशन गरिएको छ । *नीति पत्र* ५ पनि सोही जर्नलमा प्रकाशोन्मुख छ ।

मार्टिन चौतारीले प्रकाशन गरेका यी *नीति पत्र*हरूबारे सकारात्मक टिप्पणीहरू पाइएको छ । *नीति पत्र*का संक्षिप्त भर्सनहरू प्रमुख राष्ट्रिय दैनिक (*द काठमाण्डू पोष्ट, नागरिक*) मा समेत प्रकाशित भएकाले यी *नीति पत्र*मा उठाइएका विषयवस्तु ती पत्रिकाका पाठकहरूमा समेत पुगेको भन्न सकिन्छ । यसै गरी, देशभित्र तथा विदेशका प्रमुख समाचार संस्थाले मार्टिन चौतारीले उठाएका विषयवस्तुलाई थप विस्तार गर्ने तथा मार्टिन चौतारीका *नीति पत्र*मा प्रकाशित तथ्याङ्कलाई उद्धृत गर्दै सामग्री प्रकाशन गरेकाले हामीले उठाएका विषयवस्तुको महत्ता तथा औचित्य स्थापित गरेको भन्न सकिन्छ ।

### *५.२ नेपाली राष्ट्रियता र राष्ट्रिय पहिचानसम्बन्धी बहस*

राजतन्त्र, हिन्दू धर्म र नेपाली भाषाको तीन खम्बामा आधारित पुरानो नेपाली राष्ट्रियता र नेपाली राष्ट्रिय पहिचानको अवधारणा २०४६ सालपछि नै कमजोर हुँदै गएको थियो जुन २०६२-६३ सालको जनआन्दोलनपछि ध्वस्तप्रायः भयो । त्यस्तै, विभिन्न समुदायबीच आआफ्नो समुदायको स्वार्थ अघि बढाउने प्रतिस्पर्धा चल्दा कतिपय स्थानमा सामाजिक सद्भाव पनि खल्बलिन पुगेको छ । पुराना अवधारणा, पहिचान काम नलाग्ने र नयाँ सृजना भैनसकेको परिप्रेक्ष्यमा देखिएको खाडल, असमञ्जसलाई पुर्नका लागि चौतारीले नेपाली राष्ट्रिय पहिचान, नेपाली राष्ट्रियतासम्बन्धी सृजनात्मक बहस सुरु गर्ने लक्ष्य राखेको थियो । सोहीअनुरूप नेपाली राष्ट्रिय पहिचान, नेपाली राष्ट्रियतासम्बन्धी सोचपत्र तयार गर्ने र उक्त अवधारणालाई लिएर मुलुकका विभिन्न पाँच ठाउँमा स्थानीय र क्षेत्रीय अन्तरक्रियात्मक कार्यक्रम गर्ने योजना थियो । लेखक सीके लाललाई उक्त विषयमा सोचपत्र तयार गर्न आग्रह गरिएअनुरूप सो पत्र प्राप्त भएपछि आर्थिक वर्षमा सो सोचपत्र र चौतारीले तयार पारेको नेपाली राष्ट्रिय पहिचानबारेको संक्षिप्त खाकाको आधारमा अघिल्लो वर्ष नेपाली राष्ट्रियताबारे काठमाण्डूसहित पाँच स्थानमा छलफल आयोजना गरिएको थियो । मार्टिन चौतारीले यो आर्थिक वर्षमा पनि नेपाली राष्ट्रियता र राष्ट्रिय पहिचानका विषयमा देशभरका विभिन्न स्थानमा गहन अन्तरक्रियात्मक छलफल चलाउने योजना बनाएको थियो । सोहीअनुरूप आ.व.मा नेपाली राष्ट्रियताबारे मुलुकका विभिन्न ११ स्थानमा क्षेत्रीय तथा जिल्लास्तरीय अन्तरक्रियात्मक बहस-छलफलका कार्यहरू सम्पन्न गरिए ।

राजनीतिक विश्लेषक सीके लालद्वारा लिखित 'नेपालीय हुनलाई...' शीर्षकको उक्त सोचपत्र *Studies in Nepali History and Society* जर्नलमा प्रकाशित भएको थियो । सोचपत्र र सोचपत्रमाथि गत वर्ष काठमाडौं र ललितपुरमा भएका छलफलमा व्यक्त नेता, लेखक, बुद्धिजीवीका २२ टिप्पणीसमेत सामेल गरेर यो आ.व.मा पुस्तकाकार रूपमा प्रकाशित भयो । राष्ट्रियतामाथि हुने छलफल अझ बढी गहन होउन् भनेर कार्यक्रम हुनु एक-दुई हप्ता पहिले नै कतिपय सहभागीहरूलाई पुस्तक प्रकाशन हुनुअघि सोचपत्र र भैसकेपछि पुस्तक उपलब्ध गराइएको थियो ।

कार्यक्रमहरूमा प्रमुख वक्ताको रूपमा प्रायः खगेन्द्र संग्रौला र केही कार्यक्रममा सीके लाल पनि सामेल भएका थिए । त्यस्तै, स्थानीय टिप्पणीकर्ताका रूपमा कार्यक्रम हुने जिल्ला वा क्षेत्रका सामाजिक, राजनीतिक व्यक्तित्वहरूलाई विशेष टिप्पणीका लागि अनुरोध गरिएको थियो । कार्यक्रमका सहभागीहरूमा विभिन्न जिल्लाका राजनीतिकर्मी, अधिकारकर्मी, स्वतन्त्र व्यक्तित्व, सञ्चारकर्मीलगायतका रहेका थिए । कार्यक्रममा प्रमुख वक्ताको विचारको अलावा मार्टिन चौतारीका तर्फबाट नेपाली राष्ट्रियताबारे संक्षिप्त खाका प्रस्तुत गरिएको थियो भने चौतारीले प्रकाशन गरेका नीतिपत्रहरू पनि वितरण गरिएको थियो । यी छलफलका दौरानमा उपत्यका बाहिरका जिल्लाहरूमा राष्ट्रियता र राष्ट्रिय विभूतिका सन्दर्भमा प्रश्नावलीमार्फत मत सङ्कलनसमेत गरिएको थियो । यी छलफलबारे समाचार तथा टिप्पणीहरू स्थानीय एफएम स्टेशनहरू एवं पत्रपत्रिकाहरूमा छापिएकाले कार्यक्रमका सहभागी मात्र नभई ती समाचार माध्यमका श्रोता, पाठक तथा दर्शकहरूसम्म पुगेको थियो भन्न सकिन्छ । यस आ.व.मा लमजुङ, अर्घाखाँची, धनुषा, रसुवा, कैलाली, रामेछाप, झापा, तेह्रथुम र जुम्ला जिल्लामा राष्ट्रियतासम्बन्धी बहस कार्यक्रमहरू सम्पन्न भएका थिए । मार्टिन चौतारीको कार्यक्रमका लागि स्थानीय सामाजिक संस्थाले पनि अनुरोध गरेकाले सिरहाको लहान र कैलालीको टिकापुरमा थप छलफल कार्यक्रमको आयोजना गरिएको थियो ।

लमजुङ : लमजुङको गाउँशहर गाविस, गैरीस्थित गैरी क्याम्पसमा २० भदौ २०६७ मा एकदिने राष्ट्रियताको बहस कार्यक्रम सम्पन्न भयो । कार्यक्रमका सहभागीहरूलाई पन्ध्रदिन अगावै सीके लाल लिखित सोचपत्र नेपालीय हुनलाई... उपलब्ध गराइएको थियो । कार्यक्रममा मार्टिन चौतारीले तयार गरेको नेपाली राष्ट्रियताबारे संक्षित खाका तयार पारेर प्रस्तुत गरेको थियो । लेखक/राजनीतिक विश्लेषक खगेन्द्र संग्रौला र झलक सुवेदीले तथा स्थानीय टिप्पणीकर्ता इन्दिरा तिवारीले राष्ट्रियताबारे आफ्ना विचार राखेका थिए । कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, प्राध्यापक/शिक्षक, सञ्चारकर्मी, गैससका प्रतिनिधि, विद्यार्थी, वकिल, अधिकारकर्मी, स्वतन्त्र व्यक्तित्व तथा नागरिक समाजका प्रतिनिधिहरू गरी १०० जनाको सहभागिता थियो जसमध्ये ७६ पुरुष र २४ महिला थिए । कार्यक्रमका सहभागीमध्ये चौबीस जना सहभागीहरूले आ-आफ्ना विचार, जिज्ञासा र दृष्टिकोण राखेका थिए । सामुदायिक विकास तथा सञ्चार केन्द्र रेडियो मर्स्याङ्दी, नेपाल पत्रकार महासंघ, अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक), लमजुङ शाखा स्थानीय आयोजक रहेका थिए ।

अर्घाखाँची : अर्घाखाँची जिल्लाको सदरमुकाम सन्धिखर्कमा १७ असोज २०६७ मा एक दिने नेपाली राष्ट्रियताको बहस कार्यक्रमको आयोजना गरियो । आदर्श समाज विकास तथा अनुसन्धान संस्था अर्घाखाँची र नेपाल पत्रकार महासंघ अर्घाखाँची स्थानीय आयोजक रहेको सो कार्यक्रममा अर्घाखाँची जिल्लाका विभिन्न क्षेत्रका १०९ ब्यक्तित्वहरूको सहभागिता रहेको थियो जसमध्ये ८८ पुरुष र २१ महिला थिए ।

रसुवा : ११ कात्तिक २०६७ मा रसुवाको धुन्चेमा नेपाली राष्ट्रियता र राष्ट्रिय पहिचान विषयक एकदिने सघन बहस कार्यक्रमको आयोजना गरियो । विभिन्न राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, प्राध्यापक/शिक्षक, सञ्चारकर्मी, गैससका प्रतिनिधि, विद्यार्थी, वकिल, अधिकारकर्मी, स्वतन्त्र व्यक्तित्व तथा नागरिक समाजका प्रतिनिधिहरू गरी १०८ जनाको सहभागिता थियो जसमध्ये ९६ पुरुष र १२ महिला थिए ।

धनुषा : २ मङ्सिर २०६७ मा धनुषाको शहीदनगर भनिने यदुकुहामा राष्ट्रियताबारे सघन बहस कार्यक्रम आयोजना गरियो । कार्यक्रमका सहभागीहरूलाई पन्ध्रदिन अगावै सीके लाल लिखित सोचपत्र नेपालीय हुनलाई... उपलब्ध गराइएको थियो । कार्यक्रममा मार्टिन चौतारीले तयार गरेको नेपाली राष्ट्रियताबारे संक्षित खाका तयार पारेर प्रस्तुत गरेको थियो । लेखक/राजनीतिक विश्लेषक सीके लाल तथा खगेन्द्र सँग्रौला स्थानीय टिप्पणीकर्ता शितल झाले राष्ट्रियताबारे आफ्ना विचार राखेका थिए । कार्यक्रमका धेरै सहभागीले मैथिली भाषामा आफ्ना विचार राखेका थिए । विभिन्न राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, प्राध्यापक/शिक्षक, सञ्चारकर्मी, गैससका प्रतिनिधि, विद्यार्थी, वकिल, अधिकारकर्मी, स्वतन्त्र व्यक्तित्व तथा नागरिक समाजका प्रतिनिधिहरू गरी १२८ जनाको सहभागिता थियो जसमध्ये ११४ पुरुष र १४ महिला थिए ।

कैलाली : कैलालीको धनगढीमा ७ पुस २०६७ मा तथा टिकापुरमा ८ पुसमा नेपाली राष्ट्रियताबारे बहस कार्यक्रम सम्पन्न भए । धनगढीको कार्यक्रम मार्टिन चौतारीको पहलमा भएको थियो भने टिकापुरको कार्यक्रम स्थानीय सामाजिक कार्यकर्ताहरूको पहलमा भएको थियो । राष्ट्रिय दलित नेटवर्क र राष्ट्रिय वादी संघर्ष समितिको सहकार्यमा आयोजित सो छलफल कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, प्राध्यापक/शिक्षक, सञ्चारकर्मी, गैससका प्रतिनिधि, विद्यार्थी, वकिल, अधिकारकर्मी, स्वतन्त्र व्यक्तित्व तथा नागरिक समाजका प्रतिनिधिहरू उपस्थित थिए । धनगढीमा ८६ पुरुष र १२ महिला गरी ९८ जना र टिकापुरमा ५८ पुरुष  ३० महिला गरी ८८ जनाको सहभागिता रहेको थियो ।

सिरहा : २३ पुस २०६७ मा सिरहाको लहानमा स्थानीय सामाजिक संस्थाहरू बौद्धिक समाज लहान र नयाँ नेपाल रिसर्च सेन्टरको सहकार्यमा मधेसको सन्दर्भमा मानव सुरक्षा र राष्ट्रियता विषयक अन्तर्क्रिया कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा ५ महिला र ६४ पुरुष गरी ६९ जना सहभागी रहेकामा १ महिला सहित १६ जना स्थानीय बुद्धिजीवीले आआफ्ना बिचार राखेका थिए ।

रामेछाप : रामेछाप स्थित मन्थली शहीद स्मृति बहुमुखी क्याम्पसको सभाकक्षमा १८ फागुन २०६७ मा राष्ट्रियताबारे सघन बहस कार्यक्रमको आयोजना गरियो । विभिन्न राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, प्राध्यापक/शिक्षक, सञ्चारकर्मी, गैससका प्रतिनिधि, विद्यार्थी, वकिल, अधिकारकर्मी गरी १६२ जनाको सहभागिता रहेको उक्त बहसमा १२३ पुरुष ३९ महिला सहभागी थिए । सहभागी मध्ये ४ महिला सहित २७ जना स्थानीय व्यक्तिले नेपाली राष्ट्रियतासम्बन्धमा आफ्ना धारणा राखेका थिए । झम्क कडेल र लेखबहादुर कार्कीले सोचपत्रमाथि टिप्पणी गरेका थिए ।

झापा : विर्तामोड, झापा स्थित अग्रसेन भवनमा १७ चैत २०६७ मा नेपाली राष्ट्रियता र राष्ट्रिय पहिचान विषयक छलफल कार्यक्रम आयोजना गरियो । नागरिक एफएमसँगको सहकार्यमा आयोजित उक्त कार्यक्रममा नागरिक आन्दोलनका अगुवा डा. देवेन्द्रराज पाण्डे र लेखक खगेन्द्र संग्रौला मुख्य वक्ता थिए भने । संघीय लिम्बुवान परिषद्का अध्यक्ष सन्जुहाङ पालुङवा तथा नेकाका नेता विश्वप्रकाश शर्मा स्थानीय टिप्पणीकार रहेका थिए । विभिन्न राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, प्राध्यापक/शिक्षक, सञ्चारकर्मी, गैससका प्रतिनिधि, विद्यार्थी, वकिल, अधिकारकर्मी गरी १२२ जनाको सहभागिता रहेको उक्त बहसमा ९४ पुरुष २८ महिला सहभागी थिए जसमध्ये ४ महिला सहित २० जनासहभागीले आफ्ना बिचार राखेका थिए ।

तेह्रथुम : तेह्रथुम बहुमुखी क्याम्पस, चुहानडाँडा, तेह्रथुममा १६ वैशाख २०६८ का दिन राष्ट्रियताबारे सघन छलफल कार्यक्रम सम्पन्न भयो । विभिन्न राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, प्राध्यापक/शिक्षक, सञ्चारकर्मी, गैससका प्रतिनिधि, विद्यार्थी, वकिल, अधिकारकर्मी गरी १४२ जनाको सहभागिता रहेको उक्त बहसमा ११० पुरुष ३२ महिला सहभागी थिए जसमध्ये ३ महिला सहित १६ जनासहभागीले आफ्ना बिचार राखेका थिए ।

जुम्ला : २७ जेठ २०६८ मा जुम्लाको खलङ्गामा नेपाली राष्ट्रियताबारे अन्तरक्रियात्मक छलफल कार्यक्रम आयोजना गरियो । नेपाल पत्रकार महासंघको जुम्ला शाखा सँगको सहकार्यमा आयोजित उक्त बहसमा विभिन्न दलका प्रतिनिधि सहित ३१ जनाले आफ्ना भनाई राखेका थिए । ३१ जना मध्ये ४ जना महिला थिए । १२६ पुरुष र २१ महिला गरी १४७ जना समाजका विभिन्न क्षेत्रका प्रतिनिधिहरू उक्त छलफलमा सहभागी थिए ।

### *५.३ मानव सुरक्षासम्बन्धी छलफल*

परम्परागत अवधारणाअन्तर्गत सुरक्षालाई साँघुरो घेराबाट हेर्ने गरिन्छ । त्यस्तो साँघुरो बुझाईलाई चुनौती दिँदै सोको स्थानमा सुरक्षालाई सम्पूर्णतामा हेर्ने मानवीय सुरक्षासम्बन्धी अवधारणा अघि सार्नुपर्ने आवश्यकता चौतारीले महसुस गरेको हो । यसै परिप्रेक्ष्यमा गत आ.व.मा मानवीय सुरक्षासम्बन्धी नेपालमा उपलब्ध सामग्रीको सङ्कलन गर्ने र सोको समीक्षा गर्ने कार्य भएको थियो । यस आर्थिक वर्षमा मानवीय सुरक्षाबारे अवधारणा पत्र तयार गर्ने र सोही अवधारणा पत्रको आधारमा मुलुकका विभिन्न स्थानमा सघन अन्तरक्रियात्मक छलफल कार्यक्रमहरू आयोजना गर्ने उद्देश्य राखिएको थियो । साथै मानव सुरक्षाको बहसलाई अगाडि बढाउन विभिन्न तीन थरी पोस्टर पनि तयार गरियो । पोस्टरहरू कार्यक्रममा र कार्यक्रम हुने जिल्लामा प्रदर्शन गरिन्छ । मानव सुरक्षाको अवधारणा पत्रलाई कार्यक्रम हुने जिल्ला अनुरूप तयार गरी सो पत्र सम्भावित सहभागीहरूलाई पहिले नै उपलब्ध गराइएको थियो । यसले कार्यक्रमलाई गहन र विषयवस्तुमा केन्द्रित बनाउन सहयोग पुर्‍याएको थियो ।

कार्यक्रमहरूमा प्रमुख वक्ताको रूपमा प्रायः लेखक खगेन्द्र संग्रौला, अनुसन्धाता शरद घिमिरे र केही कार्यक्रममा राजनीतिक विश्लेषक सीके लाल पनि सामेल भएका थिए । त्यस्तै, स्थानीय टिप्पणीकर्ताका रूपमा कार्यक्रम हुने जिल्ला वा क्षेत्रका सामाजिक, राजनीतिक व्यक्तित्वहरूलाई विशेष टिप्पणीका लागि अनुरोध गरिएको थियो । त्यसै गरी सहभागीहरू विभिन्न जिल्लाका राजनीतिकर्मी, अधिकारकर्मी, स्वतन्त्र व्यक्तित्व, सञ्चारकर्मीलगायतका रहेका थिए । कार्यक्रममा वक्ताको विचारको अलावा मार्टिन चौतारीका तर्फबाट मानव सुरक्षाबारे संक्षिप्त खाका प्रस्तुत गरिएको थियो भने चौतारीले प्रकाशन गरेका नीतिपत्रहरू पनि वितरण गरिएको थियो । यी छलफलका दौरान उपत्यका बाहिरका जिल्लाहरूमा मानव सुरक्षाबारे प्रश्नावलीमार्फत मत सङ्कलनसमेत गरिएको

थियो । यी छलफलबारे समाचार तथा टिप्पणीहरू स्थानीय एफएम स्टेशनहरू एवं पत्रपत्रिकाहरूमा छापिएकाले कार्यक्रमका सहभागी मात्र नभई ती समाचार माध्यमका श्रोता, पाठक तथा दर्शकहरूसम्म पुगेको थियो भन्न सकिन्छ । यस आ.व.मा कपिलवस्तु, महोत्तरी, म्याग्दी, बर्दिया, उदयपुर, सुनसरी र नवलपरासीमा मानव सुरक्षासम्बन्धी बहस कार्यक्रम सञ्चालन गरिएको थियो ।

कपिलवस्तु : कपिलवस्तुको तौलिहवामा १४ असोज २०६७ का दिन मानव सुरक्षा विषयमा एकदिने सघन छलफल कार्यक्रम आयोजना गरियो । कार्यक्रममा अनुसन्धाता शरद घिमिरेले कपिलवस्तु जिल्लाका लागि तयार गरेको मानव सुरक्षाको अवधारणा सहितको पत्र सहभागीहरूलाई पहिले नै वितरण गरिएको थियो । मानव अधिकारका क्षेत्रमा सक्रिय स्थानीय संस्था माहुरी होमको सहकार्यमा आयोजित कार्यक्रममा मार्टिन चौतारीले तयार पारेको मानव सुरक्षासम्बन्धी संक्षिप्त खाका प्रस्तुत गरेको थियो । लेखक खगेन्द्र संग्रौला, अनुसन्धाता घिमिरे वक्ताको रूपमा हुनुहुन्थ्यो भने स्थानीय टिप्पणीकर्ता मानवअधिकारकर्मी रवि ठाकुर हुनुहुन्थ्यो । विभिन्न राजनीतिक दलका नेता, सामाजिक कार्यकर्ता, शिक्षक, सञ्चारकर्मी, आदि गरी १२२ जना सहभागी भएका थिए जसमध्ये ९९ पुरुष र २३ महिला थिए ।

महोत्तरी : महोत्तरीको जलेश्वरमा ३ मङ्सिर २०६७ का दिन मानव सुरक्षा विषयमा एकदिने सघन छलफल कार्यक्रम आयोजना गरियो । क्षेत्रीय स्तरको यो कार्यक्रममा अनुसन्धाता शरद घिमिरेले महोत्तरी जिल्लाका लागि तयार गरेको मानव सुरक्षाको अवधारणा सहितको पत्र सहभागीहरूलाई पहिले नै वितरण गरिएको थियो । स्थानीय जनजागृति समाजको सहकार्यमा आयोजित कार्यक्रममा मार्टिन चौतारीले तयार पारेको मानव सुरक्षासम्बन्धी संक्षिप्त खाका प्रस्तुत गरेको थियो । लेखक सीके लाल एवं खगेन्द्र संग्रौला, अनुसन्धाता घिमिरे वक्ताको रूपमा हुनुहुन्थ्यो भने स्थानीय टिप्पणीकर्ता सुरेशप्रसाद सिंह हुनुहुन्थ्यो । महोत्तरी, धनुषा, सर्लाही र सिरहा जिल्लाका विभिन्न राजनीतिक दलका नेता, सामाजिक कार्यकर्ता, शिक्षक, सञ्चारकर्मी, आदि गरी ११० जना सहभागी भएका थिए जसमध्ये १०१ पुरुष र ९ महिला थिए ।

बर्दिया : बर्दियाको गुलरियामा ९ पुस २०६७ का दिन मानव सुरक्षा विषयमा एकदिने सघन छलफल कार्यक्रम आयोजना गरियो । क्षेत्रीय स्तरको यो कार्यक्रममा अनुसन्धाता शरद घिमिरेले बर्दिया जिल्लाका लागि तयार गरेको मानव सुरक्षाको अवधारणा सहितको पत्र सहभागीहरूलाई पहिले नै वितरण गरिएको थियो । बादी अधिकार संघर्ष समिति, राष्ट्रिय दलित नेटवर्क र राधाकृष्ण थारु जनसेवा संस्थाको सहकार्यमा आयोजित कार्यक्रममा मार्टिन चौतारीले तयार पारेको मानव सुरक्षासम्बन्धी संक्षिप्त खाका प्रस्तुत गरेको थियो । लेखक खगेन्द्र संग्रौला, अनुसन्धाता सुरेश ढकाल एवं घिमिरे वक्ताको रूपमा हुनुहुन्थ्यो भने स्थानीय टिप्पणीकर्ता दिनेश श्रेष्ठ हुनुहुन्थ्यो । कैलाली, बाँके, सुर्खेत र बर्दिया जिल्लाका विभिन्न राजनीतिक दलका नेता, सामाजिक कार्यकर्ता, शिक्षक, सञ्चारकर्मी, आदि गरी १४१ जना सहभागी भएका थिए जसमध्ये ११५ पुरुष र २६ महिला थिए ।

उदयपुर : उदयपुरको बेल्टारमा २३ पुस २०६७ का दिन मानव सुरक्षाबारे एक दिने अन्तरक्रियात्मक छलफल कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा अनुसन्धाता शरद घिमिरेले उदयपुर जिल्लाका लागि तयार गरेको मानव सुरक्षाको अवधारणा सहितको पत्र सहभागीहरूलाई पहिले नै वितरण गरिएको थियो । कार्यक्रममा मार्टिन चौतारीले तयार पारेको मानव सुरक्षासम्बन्धी संक्षिप्त खाका प्रस्तुत गरेको थियो । लेखक खगेन्द्र संग्रौला, अनुसन्धाता घिमिरे वक्ताको रूपमा हुनुहुन्थ्यो भने स्थानीय टिप्पणीकर्ता कौशल चेम्जोङ, र राजकुमार तिम्सिना हुनुहुन्थ्यो । विभिन्न राजनीतिक दलका नेता, सामाजिक कार्यकर्ता, शिक्षक, सञ्चारकर्मी, आदि गरी १४३ जना सहभागी भएका थिए जसमध्ये ८६ पुरुष र ५७ महिला थिए । उक्त कार्यक्रममा १८ पुरुष र ५ जना महिला गरी जम्मा २३ जना स्थानीय व्यक्तिहरूले जिल्लाको मानव सुरक्षाको विषयमा आफ्ना धारणा राखेका थिए ।

म्याग्दी : म्याग्दीको बेनीमा ५ फागुन २०६७ का दिन मानव सुरक्षाबारे एक दिने अन्तरक्रियात्मक छलफल कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा अनुसन्धाता शरद घिमिरेले म्याग्दी जिल्लाका लागि तयार गरेको मानव

सुरक्षाको अवधारणा सहितको पत्र सहभागीहरूलाई पहिले नै वितरण गरिएको थियो । कार्यक्रममा मार्टिन चौतारीले तयार पारेको मानव सुरक्षासम्बन्धी संक्षिप्त खाका प्रस्तुत गरेको थियो । लेखक खगेन्द्र संग्रौला, अनुसन्धाता घिमिरे वक्ताको रूपमा हुनुहुन्थ्यो । विभिन्न राजनीतिक दलका नेता, सामाजिक कार्यकर्ता, शिक्षक, सञ्चारकर्मी, आदि गरी ९१ जना सहभागी भएका थिए जसमध्ये ७४ पुरुष र १७ महिला थिए । उक्त कार्यक्रममा जना महिलासहित बहसमा १८ जनाले आफ्नो बिचार राखेका थिए ।

सुनसरी : सुनसरी जिल्लाको सदरमुकाम इनरुवामा १९ चैत २०६७ मा मानव सुरक्षासम्वन्धी बहस सञ्चालन भएको थियो । कार्यक्रमको सञ्चालन विमल अर्यालले गरेका थिए । शरद घिमिरेले जिल्लाको मानव सुरक्षाको स्थिति सहितको कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा २ जना महिला सहित १२ जनाले आफ्ना विचार राखेका थिए । त्यस्तै, विभिन्न राजनीतिक दलका तर्फबाट डिएन मेहता, मजफो (लोकतान्त्रिक); खेमराज पोखरेल, नेकपा एमाले; सिताराम मेहता नेपाली काँग्रेस र राजन भट्टराई, एनेकपा माओवादीले पनि बहसमा आफ्ना भनाई राखेका थिए । कार्यक्रममा ७७ पुरुष र ११ जना महिला गरी ८८ जना सहभागी थिए ।

नवलपरासी : मानव सुरक्षाको बहस नवलपरासी जिल्लाको परासीमा ३० असार २०६८ मा सम्पन्न भयो । परासीस्थित उद्योग बाणिज्य संघको हलमा कार्यक्रम भएको थियो । १२२ पुरुष र ४८ महिला गरी १७० जना सहभागी भएको उक्त कार्यक्रमको स्थानीय संयोजन नेपाल पत्रकार महासंघ, नवलपरासीले गरेको थियो । कार्यक्रमको सञ्चालन विमल अर्यालले गरेका थिए । शरद घिमिरेले नवलपरासी जिल्लाको मानव सुरक्षाको स्थितिको विषयमा जानकारी दिँदै बहसको प्रारम्भ गरेका थिए । लेखक खगेन्द्र संग्रौलाले सहित विभिन्न राजनीतिक दलका नेता, कार्यकर्तालगायत समाजका विभिन्न तहतप्काका २२ जना सहभागीले आफ्नो बिचार राखेका थिए ।

## ६. जनजीविका इकाई

### *६.१ शिक्षा इकाई*

आर्थिक वर्ष २०६७-६८ मा मार्टिन चौतारीको शिक्षा इकाइअन्तर्गत निम्न कार्यहरू सम्पन्न गरिएका छन् ।

#### *६.१.१ नेपालको उच्चशिक्षामा सामाजिक समावेशीकरण पहुँच बढाउने कार्यक्रम*

यस कार्यक्रमअन्तर्गत विभिन्न सीमान्तीकृत समुदायका प्रारम्भिक अनुसन्धाताहरूलाई १ वर्ष अवधिको अनुसन्धान फेलोसिप प्रदान गरिएको छ । यो फेलोसिपका दुइटा उद्देश्य रहेका छन् :

- सीमान्तीकृत समुदायका प्रारम्भिक अनुसन्धाताहरूको सामाजिक अनुसन्धानसम्बन्धी क्षमता अभिवृद्धि गर्ने;
- यी अनुसन्धातामार्फत नेपालको शिक्षा क्षेत्र (खासगरी उच्च शिक्षा) मा सीमान्तकृत समुदायहरूको समावेशीकरण अभिवृद्धि गर्ने बारेमा अनुसन्धान गर्ने ।

यसअन्तर्गत दोस्रो चरणमा जनवरी २०१० मा खुला प्रतिस्पर्धाका आधारमा १२ जना (पछि २ जनाले उच्चशिक्षा अध्ययनका कारण छोडेकाले १० जना) लाई सो फेलोसिप प्रदान गरिएको थियो । यी फेलोहरूले २०१० को मे महिनासम्म मार्टिन चौतारीले तयार गरेको Study and Research in Diversity and Pluralism कोर्समा सहभागी भएपश्चात सोही वर्षको जुनदेखि अनुसन्धान कार्य शुरु गरे । अनुसन्धान अवधिभर रिसर्च फेलोहरूलाई मार्टिन चौतारीले नियमित अनुगमन एवम् प्राज्ञिक सहयोग/निर्देशन प्रदान गरेको थियो । अनुसन्धानपश्चात् फेलोहरूले एक-एकओटा प्राज्ञिक लेख मार्टिन चौतारीलाई बुझाइसकेका छन् । यी लेखहरूको सङ्कलन सम्पादित पुस्तकको रूपमा मार्टिन चौतारीबाट आगामी आ.व.मा प्रकाशित हुनेछ ।

त्यसै गरी, जनवरी २०११ मा तेस्रो चरणअन्तर्गत खुला प्रतिस्पर्धाका आधारमा १२ जनालाई सोही रिसर्च फेलोसिप प्रदान गरिएको छ । दोस्रो चरणमा जस्तै यस तेस्रो चरणमा पनि चार महिने कोर्स सकेपश्चात फेलोहरूले

आ-आफ्नो अनुसन्धान सुरु गरेका छन् । तेस्रो चरणका फेलोहरूले पनि फेलोसिपको अन्त्यमा प्राज्ञिक लेख बुझाउन पर्ने हुन्छ जसलाई सम्पादित पुस्तकको रूपमा प्रकाशन गरिनेछ ।

*६.१.२ नेपालको शिक्षाका विभिन्न विषयहरूमा अनुसन्धान एवं प्रकाशन*

यसअन्तर्गत जुलाई २०११ मा *विविधताभित्रका विभेदः नेपालको शिक्षामा सामाजिक असमानता* (प्रमोद भट्ट, सं.) पुस्तकमा अन्तिम सम्पादनको काम हुँदैछ । यस पुस्तकमा सन् २००९ का फेलोहरूका लेखहरू समाविष्ट छन् ।

त्यसै गरी, संविधानसभाका विभिन्न समितिका प्रतिवेदनहरूमा शिक्षासम्बन्धी भएका प्रावधानहरूको विश्लेषण गरेर यससम्बन्धी एउटा मस्यौदा नीतिपत्र तयार गरिएको छ । यसलाई संविधानसभाका सभासदहरूमाझ छलफल गर्ने कार्य भने विभिन्न कारणले गर्दा सम्भव हुन सकेको छैन । यो आगामी आ.व.मा गरिनेछ ।

यसै वर्ष सामुदायिक विद्यालयसम्बन्धी अनुसन्धान जारी छ । यसअन्तर्गत काभ्रेपलाञ्चोक जिल्लाका तीनओटा सामुदायिक विद्यालयमा स्थलगत अनुसन्धान गरिएको छ भने आगामी आ.व.मा मोरङका विभिन्न सामुदायिक विद्यालयमा यो क्रम जारी हुनेछ । विभिन्न पत्रिकामा सामुदायिक विद्यालयसम्बन्धी प्रकाशित समाचार, लेखहरूको विषयवस्तु विश्लेषण पनि सम्पन्न गरिएको छ ।

यसै आ.व.को जनवरीमा मार्टिन चौतारीले Open Society Foundation को Privatization in Education Research Initiative बाट नेपालको निजी शिक्षासम्बन्धी अनुसन्धान गर्नका लागि प्रतिस्पर्धात्मक अनुदान पाएको थियो । यो अनुसन्धान आगामी आ.व.मा पनि जारी हुनेछ ।

यसबाहेक यस वर्ष प्रकाशित हुने भनिएको नेपालको उच्च शिक्षासम्बन्धी पुस्तकमा काम जारी छ । र, यो आगामी वर्ष प्रकाशित हुनेछ ।

*६.१.३ शिक्षासम्बन्धी सम्मेलन/छलफल*

मार्टिन चौतारीको शिक्षा इकाइले २१ सेप्टेम्बर २०१० मा *The Future of Education in Nepal* विषयक राष्ट्रिय सम्मेलनको आयोजना गऱ्यो । उक्त सम्मेलन ललितपुरको याक प्यालेसमा आयोजना गरिएको थियो । सम्मेलनमा नेपालका विभिन्न समयका शैक्षिक नीतिहरूमाथि चर्चा गरिएको थियो । यसअन्तर्गत नेपालको शिक्षासम्बन्धी अनुसन्धान गरिरहेका विदेशी तथा स्वदेशी प्राज्ञका साथै शिक्षा मन्त्रालयका उच्च अधिकृतहरूले पनि विभिन्न कार्यपत्रहरू प्रस्तुत गरेका थिए ।

यसबाहेक मार्टिन चौतारीले आफ्नो नियमित छलफल शृङ्खलाअन्तर्गत हरेक अंग्रेजी महिनाको पहिलो आइतबार शिक्षासम्बन्धी छलफलको आयोजना गर्दै आएको छ । यस वर्ष सम्पन्न १० ओटा छलफलहरूको विवरण तल दिइएको छ ।

<u>६ भदौ २०६७</u>

**Financing Higher Education in Nepal**
Dr. Durgalal Shrestha, CEDA/TU

<u>२० भदौ २०६७</u>

**त्रिभुवन विश्वविद्यालयमा समाजशास्त्र/मानवशास्त्र अध्यापन-अध्ययनका चुनौतीहरू**
मधुसुदन सुवेदी, समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग र सुदीप नकर्मी, समाजशास्त्र/मानवशास्त्र विभाग, पाटन क्याम्पस

<u>११ असोज २०६७</u>

**Exploring Community Schooling Policies and Politics in Nepal**
Dr. Stephen Carney, Associate Professor, Roskilde University, Denmark

<u>१७ असोज २०६७</u>

**Forgotten history of Nepal's educational development: reflections on, and lessons from the 1950s**
Dr. Jeremy Rappleye, Researcher, University of Tokyo

<u>५ मङ्सिर २०६७</u>

**MA English Syllabus, Pedagogues and Meta Pedagogical Consciousness**
Dr. Shiva Rijal, CDE, TU

२८ मङ्सिर २०६७

**Politics in Higher Education: A Look at Tribhuvan University**

Ramesh Rai and Jhakendra Ghatri Magar, Research Fellows, Martin Chautari

२३ माघ २०६७

**School Based Management in Nepal**

Milan Poudel, Graduate, Stockholm University, Sweden

२० चैत २०६७

**Understanding private educationscape(s) in Nepal**

Pramod Bhatta, Researcher, Martin Chautari

१ जेठ २०६८

**Caste Based Discrimination in School: A Study of Dalits in Ramechhap**

**Dhruba Raj Bishwokarma, M.Phil, Kathmandu University**

१९ असार २०६८

**Self-Regulated Teacher Training among Japanese Elementary Teachers - Implications for Nepali Teachers**

Dipu Shakya, PhD, Researcher

## *६.२ जलवायु परिवर्तन*

जलवायु परिवर्तनबारे अध्ययन मार्टिन चौतारीमा गत आर्थिक वर्षबाट शुरु गरिएको हो । यसको मुख्य उद्देश्य तीनओटा समीक्षात्मक अनुसन्धान पत्र (जलवायु परिवर्तनको अनुकूलनका लागि भएका कार्यको समीक्षा, जलवायु परिवर्तनबारे सरकारी तहबाट भएका नीतिगत सम्बोधनको समीक्षा र नेपालमा जलवायु परिवर्तनको बहस) र ती तीनओटा पत्रको आधारमा एउटा नीतिपत्र तयार पार्नु थियो । तीनओटा अनुसन्धान पत्रमध्ये अघिल्लो दुईओटा अनुसन्धान पत्र लेख्ने जिम्मा डा. जगदीशचन्द्र बरालले लिनु भएको थियो भने अर्को अनुसन्धान पत्र र नीतिपत्र लेख्ने जिम्मा शरद घिमिरेले लिनुभएको थियो । यी गतिविधिको संयोजन शरद घिमिरेले गर्नुभएको थियो ।

अनुसन्धानको सिलसिलामा २५ फेब्रुअरी २०११ मा मार्टिन चौतारीमा एकदिने छलफल कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा वातावरण मन्त्रालयका जलवायु परिवर्तन महाशाखा प्रमुख सहसचिव बटुकृष्ण उप्रेतीले जलवायु परिवर्तनबारे सरकारी तहमा भैरहेका गतिविधिबारे, जलवायु विज्ञ तथा परामर्शदाता आदर्श पोखरेलले नेपालको जलवायु परिवर्तन नीतिबारे र वन मन्त्रालयका सहसचिव तथा मार्टिन चौतारीको अनुसन्धानमा संलग्न अनुसन्धाता डा. जगदीशचन्द्र बरालले जलवायु परिवर्तनको अनुकूलनका लागि भैरहेका कार्यको बारेमा बोल्नु भएको थियो । कार्यक्रममा कम्तीमा ५५ जनाको उपस्थिति थियो । नेपालमा जलवायु परिवर्तनको लागि वैदेशिक ऋण र दानबारे व्यापक विवाद र बहस भैरहेको अवस्थामा आयोजना भएकोले उक्त छलफल कार्यक्रम सान्दर्भिक बनेको थियो ।

अहिलेसम्म तीनओटा अनुसन्धान पत्रको मस्यौदा तयार भइसकेका छन् । हाल अघिल्लो दुइओटा अनुसन्धान पत्रको दोस्रो मस्यौदामा पत्रकार नवीनसिंह खड्का र अनसन्धाता डमिन्द्र दाहालको सुझाव र टिप्पणीको आधारमा परिमार्जन गरेर पत्रलाई अन्तिम रूप दिने काम भैरहेको छ । त्यसबाहेक, तेस्रो अनुसन्धान पत्रलाई मार्टिन चौतारीको छलफलमा प्रस्तुत गरेर दोस्रो मस्यौदा तयार पार्ने काम भैरहेको छ । तेस्रो पत्रको दोस्रो मस्यौदा तयार भएपछि त्यसलाई पनि बाह्य टिप्पणीको लागि पठाउने र अन्तिम रूप दिने काम हुनेछ । यसबीच, नीतिपत्रको मस्यौदा पनि तयार हुनेछ ।

आगामी वर्षका लागि चालु वर्षमा तयार भएका अनुसन्धान लेख र थप लेखहरू जम्मा गरेर नेपालमा जलवायु परिवर्तनको बहस र बुझाइलाई फराकिलो पार्ने एउटा सन्दर्भ पुस्तक प्रकाशनको योजना गरिएको छ ।

## ७. 'सार्वजनिक ज्ञान' सम्बन्धी फेलोसिपको स्थापना तथा आन्तरिक छलफल

मार्टिन चौतारीले यसै आ.व.मा 'सार्वजनिक जीवन र सार्वजनिक ज्ञान' (Public life and Public Knowledge) शीर्षकमा फेलोसिपको स्थापना गरेको छ । नेपालमा रहेर 'सार्वजनिक जीवन र सार्वजनिक ज्ञान' को विषयमा काम गरिरहेका नेपाली अध्येताहरूलाई फेलोसिप दिने हेतुले यसको स्थापना गरिएको हो । सन् २०१० नोभेम्बर देखि २०११ अक्टोवर सम्मका लागि प्रसिद्ध स्तम्भकार सीकेलाललाई यो फेलोसीप दिइएको छ । जसअन्तर्गत लेखन कार्य, खुल्ला तथा आन्तरिक छलफल गरिएको थियो । यो फेलोसिप अन्तर्गत नेपाली मिडियाको अर्थराजनीतिबारे सीकेलालको - 'सत्तावृत्त र मिडियाको अर्थराजनीति : एक विहङ्गम दृष्टि' शीर्षकको लेख *मिडिया अध्ययन* -६ मा छापिएको छ । त्यसै गरी, चौतारीको स्टाफसँग विभिन्न विषयमा आन्तरिक छलफल भएको थियो । जसमध्ये २०६७ कात्तिक २४ गते 'विविध' विषयमा, २०६७ पुष २६ गते 'राष्ट्र-राज्य' (Nation–State) सम्बन्धमा, २०६७ फागुन २ गते 'सार्वजनिक विज्ञ' (Public Intellectual), २०६७ फागुन ३० गते- 'नेपालमा के भएको छ र त्यो किन भैरहेको छ ?' (Why Nepal is, What it is ?) भन्ने विषयमा आन्तरिक छलफल भएको थियो । उनले यसै फेलोसिप कार्यक्रमअन्तर्गत State of State of Nepal शीर्षकमा पुस्तक पनि लेखिरहेका छन् ।

२०६७ चैत २२ मा मंगलवारको नियमित छलफल शृंखला अन्तर्गत उर्दू लेखक 'फैज अहमद फैज' को १०० औँ जन्मजयन्तीको अवसरमा सीके लालले उनको जीवनीबारे (कविता वाचनसहित) खुल्ला छलफल कार्यक्रम सञ्चालन गरेका थिए ।

## ८. प्रशासन शाखा

यस आर्थिक वर्षमा छलफल तथा कार्यक्रम संयोजकमा देवेन्द्र उप्रेती, कपि एडिटरमा विमल आचार्य, वित्तीय सहायकमा रोजिना सिटौलालाई पूर्णकालिन करारमा नियुक्त गरियो । सहायक अनुसन्धानकर्ताहरूमा शकबहादुर बुढाथोकी (शिक्षा इकाई) र बन्दना ढकाल (मिडिया इकाई) लाई अल्पकालीन करारमा नियुक्त गरियो । त्यसैगरी आन्तरिक तवरबाट लोकतन्त्र र शासन पद्दति इकाईअन्तर्गत उपसंयोजकमा रमेश पराजुली पूर्णकालीन करारमा नियुक्त भए भने मिडिया इकाईअन्तर्गत सार्वजनिक बुझाई कार्यक्रमका लागि अनुसन्धानकर्तामा रमेश राई र लाइब्रेरी सहयोगीमा इन्दिरा पौडेललाई अल्पकालीन करारमा नियुक्त गरियो ।

यहि आ.व.मा वित्तीय सहायक बिन्दु श्रेष्ठ र सहायक एडिटर रमाकान्त तिवारीद्वारा दिइएको स्वेच्छिक राजिनामा पत्र पनि स्वीकृत गरियो । रिसेप्सनिस्ट अनिता दुलाल सुत्केरी बिदा लिई बसेको समयवधिमा उक्त कार्यभार कार्यालयकै कर्मचारीहरू अंकलाल चलाउने, बुद्धकुमार श्रेष्ठद्धारा सम्हालियो ।

यसै आ.व.को वार्षिक कार्य योजना र बजेट अनुरूप वार्षिक संयुक्त पुनःमूल्याङ्कनको लागि डा. मुक्ता सिहं तामाङलाई परामर्शदाताको रूपमा छनोट गरी सो काम सम्पन्न गरियो (सो मूल्याङ्कन प्रतिवेदनको सारांश ९.३ मा हेर्नुहोस्) । त्यसै गरी डा. चुडामणि बस्नेतलाई यसै आ.व. मा चौतारीको "दीर्घकालिन कोष निर्माण रणनीति" तर्जुमा गर्नका लागि नियुक्ति गरियो तर व्यक्तिगत कारणवश उनले सो कार्यलाई पुरा गर्न सकेनन् । २०६७ पुस २ र ३ गते गोदावरी भिलेज रिसोर्टमा लैङ्गिक समता र समावेशीकरण अडिटको कार्यक्रम आयोजना गरियो र सो सम्बन्धी प्रतिवेदन अनुसन्धानकर्ता कैलाश राई तथा सृजना सुब्बाद्वारा तयार गरी पेस गरियो । प्रतिवेदनमा उल्लेख भएका सुझावहरू लागू गरिने क्रममा छन् । साथै उक्त कार्यक्रममा चौतारीले तोकेको पारिश्रमिक समय सापेक्ष नभएकोले कर्मचारीको आर्थिक असुरक्षा बढाएको र चौतारीको कार्यमा समेत नकारात्मक असर पारेको कुरा उठेकोले उक्त विषयलाई व्यवस्थापन पक्षसमेतले गम्भीरतापूर्वक लिँदै चौतारीको पारिश्रमिक पुनरावलोकन गर्न कर्मचारीहरूको

तर्फबाट देवराज हुमागाईं उक्त समितिको संयोजक रहने गरी प्रभाकर गौतम र सीता भट्टराई सदस्य रहेको तीन जनाको पारिश्रमिक पुनरावलोकन समिति गठन गरियो । गठित पारिश्रमिक पुनरावलोकन समितिद्वारा यस सन्दर्भमा तयार गरिएको प्रतिवेदन पनि प्राप्त भयो । उक्त प्रतिवेदनमाथि आगामी आर्थिक वर्षमा छलफल गरिने छ ।

यसै आ.व.देखि पूर्णकालीन करारमा कार्यरत कर्मचारीको हकमा थप सुविधाअन्तर्गत स्वास्थ्य बिमाको व्यवस्था पनि थालियो । शिक्षा इकाईका संयोजक प्रमोद भट्ट १४-१७ अक्टोबरमा कम्प्यारेटिभ एजुकेसन सोसाइटीद्वारा भारतको नयाँदिल्लीमा आयोजित वार्षिक सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्न गए । त्यस्तै, पुस्तकालय प्रमुख उपासना पण्डित भारतको बेङ्लोरमा जेस्टोर र फोर्ड फाउण्डेसनद्वारा संयुक्त रूपमा आयोजित विभिन्न सेवामूलक क्षेत्रमा सूचना प्रविधिको प्रभावकारिता कसरी बढाउन सकिन्छ भन्नेसम्बन्धी तालिममा भाग लिन गइन । यसै आ.व.मा पुस्तकालय सहयोगी रमिता महजर्नलाई लिमिसेकद्धारा सञ्चालित लाइब्रेरी व्यवस्थापन सम्बन्धी तालिम लिन पठाइयो । मिडिया इकाईका अनुसन्धानकर्ता देवराज हुमागाईं र प्रत्युष वन्तलाई स्कुल अफ ओरिएन्टल एन्ड अफ्रिकन स्टडिज (सोआस) सँगको तीन वर्षे सम्झौताअनुसार पहिलो वर्ष (सन् २०११) को एकेडेमिक एक्सचेन्ज कार्यक्रम अन्तर्गत बेलायत पठाइयो । त्यही अवसरमा उनीहरूले सोआसमा आयोजित नेपाली रेडियोसम्बन्धी छलफल कार्यक्रम तथा क्याम्ब्रिजमा आयोजित नेपालसम्बन्धी अनुसन्धान सम्मेलनमा आफ्ना अनुसन्धान पत्रहरू प्रस्तुत गरे । आफैँले व्यवस्था गरेर स्वीट्जरल्याण्ड तथा डेनमार्कका मिडियासम्बन्धी कार्यक्रमहरूमा भाग लिन गएका मिडिया अनुसन्धानकर्ता हर्षमान महर्जनलाई विदा अवधिको तलब पाउने गरी छुट्टीको व्यवस्था गरियो ।

चौतारीमा चुस्तदुरुस्त व्यवस्थापन कायम गर्ने उद्देश्यले निर्मित वित्तिय नियमावलीको दोस्रो चरणको ड्राफ्ट चार्टर एकाउन्टेन्ट श्री प्रविनध्वज जोशीमार्फत यस आ.व.मा प्राप्त भयो र सो कार्यकारी समितिबाट पारित हुने क्रममा रहेको छ ।

चौतारीको पुरानो वेबसाइटलाई static page बाट dynamic page मा परिवर्तन गरियो । नयाँ वेबसाइटमा थप feature मा comment box थपियो जहाँ authorized user ले comments र abstracts हेर्न पाउँछन् भने normal users ले abstracts मात्र हेर्न पाउँछन् ।

यही आ.व. मा चट्याङद्धारा चौतारीको भवनमा हुन गएको क्षतिलाई आगामी वर्षहरूमा दोहरिन नदिनका लागि चौतारीको भवनमा अर्थिङ गरियो । चौतारीमा अपाङ्गता भएका व्यक्तिको समेत पहुँच सहज बनाउनका निम्ति चौतारीको पुस्तकालय, अध्ययन कक्ष तथा शौचालयलाई अपाङ्गता मैत्री ढङ्गले मर्मत तथा निर्माण कार्य सम्पन्न गरियो । यसै वर्ष मार्टिन चौतारीका कर्मचारीका शिशुहरूका निम्ति चौतारीकै भवनको एउटा कोठालाई शिशु स्याहार कक्षको रूपमा परिणत गरियो ।

कार्यालयका कर्मचारीहरू बीच सामुहिक भावना वृद्धि गर्न र कर्मचारीहरूलाई मनोरञ्जन प्रदान गर्न यही आ.व. देखि अतिरिक्त क्रियाकलापहरूमा फुटबल, भलिबल, ब्याडमिन्टन आदि जस्ता खेलहरूलाई समावेश गरियो र कार्यलयमै यस्ता खेलहरू खेल्ने वातावरण निर्माणमा पनि प्रयास थालियो ।

## ९. अनुगमन तथा मूल्याङ्कन

### *९.१ आन्तरिक अनुगमन तथा मूल्याङ्कन*

मार्टिन चौतारीमा छुट्टै अनुगमन तथा मूल्याङ्कन इकाइ छैन । तर, चौतारी भित्र यस्तो अन्तर्निहित संयन्त्र (built in mechanism) स्थापित छ जसले योजनामा परेका कार्य तोकिएको समयमा सम्पन्न गर्नुका अतिरिक्त सो कामको

गुणस्तरलाई पनि कायम राख्छ । यो संयन्त्रले निम्नानुसार कार्य गर्छ । वार्षिक कार्ययोजना तयार गरिँदा चौतारीका विभिन्न युनिटलाई आफ्नो समूहभित्र छलफल गरी आउने वर्षभरी गर्ने कार्यको योजना पेश गर्न भनिन्छ । सबै युनिटले बुझाएका कार्ययोजनामाथि छलफल गरी तिनको उपयोगिता, आवश्यकता र सम्भाव्यतामाथि छलफल गरिन्छ । छलफलपश्चात तिनमा आवश्यक काँटछाँटपछि वार्षिक कार्ययोजना बन्छ । र, सोही अनुरूप बजेट बनाइन्छ । कार्ययोजना तयार भै स्वीकृत भएपछि इकाइहरूले आआफ्ना इकाइबाट वर्षभरी सम्पन्न गरिने कार्यक्रमहरू कुन समयमा, कसरी, र कसले गर्ने भन्ने कार्यान्वयन योजनाको फेहरिस्त (implementation plan) तयार गर्दछन् । र, यो नै अनुगमन कार्यको मुख्य मेरुदण्ड बन्छ, अनि मार्टिन चौतारीका विभिन्न नीतिहरूले यसलाई निर्देशित गरिरहेका हुन्छन् ।

सबै युनिटले आफैले कार्यक्रम तय गर्ने र सो कार्यान्वयनको योजना पनि आफैले निर्माण गर्ने हुनाले समयमा गुणस्तरयुक्त कार्य सम्पन्न गर्ने दायित्व समग्रमा युनिटको रहन्छ । र, सम्पन्न गर्न नसकेमा सोको जवाफदेही पनि इकाइ नै हुन्छ । मार्टिन चौतारीका बोर्डको नेतृत्व समूहले पनि सबै युनिटको कामको निरन्तर अनुगमन गरिरहको हुन्छ । इकाइहरूसँग बोर्डले नियमित भेटघाट र छलफल गरिरहने, प्रगतिको बारे सोधपुछ गरिरहने हुनाले सबैलाई आफूले रोजेको काम र तोकेको समयभित्र सम्पन्न गर्न सदैव दबाब रहन्छ । काम सम्पन्न भए पछि समीक्षा बैठक गरिन्छ । कार्यक्रम के कस्तो भयो, गल्ती कमजोरी के रह्यो सोबारे छलफल गरिन्छ । र, अर्को पटक सोहीखाले कमजोरी नरहोस् भनेर सचेत रहिन्छ । निरन्तर छलफल गरिने हुँदा गल्ती कमजोरीलाई सुधार्ने र आवश्यक महसुस भएमा परिमार्जन गरिन्छ । नयाँ केही योजना प्रस्ताव भएमा र सामूहिक रूपमा उपयुक्त ठानेमा त्यस्ता योजना पनि कार्यान्वयन गरिएको छ ।

उदाहरणका लागि गत वर्ष मार्टिन चौतारीले युवा महिला अनुसन्धान सम्मेलन आयोजना गर्‍यो जुन वार्षिक कार्ययोजनामा परेको थिएन । कार्यक्रम पछि गरिएको समीक्षाबाट चौतारीले आयोजन गरेको उक्त कार्यक्रम निकै सफल र उपयोगी देखिएकाले आउँदा वर्षमा पनि सो कार्यलाई निरन्तरता दिइने निर्णय गरिएको छ । तर, कार्यक्रम हतारमा गरिएकाले केही कमजोरी पनि महसुस भएकाले ती कमजोरी आगामी दिनमा हटाइने छ । यसै गरी चौतारीले मानव सुरक्षासम्बन्धी जिल्लास्तरका साथै क्षेत्रीयस्तरका कार्यक्रम पनि आयोजन गर्ने योजना राखेकामा मानव सुरक्षामा बढी स्थानीय विषयवस्तु उठ्ने हुँदा क्षेत्रीयस्तरका कार्य त्यति प्रभावकारी नहुने देखियो । दुइटा क्षेत्रीय कार्यक्रमबाट यो महसुस भए पछि क्षेत्रीय कार्यक्रमको साटो जिल्लास्तरका कार्यक्रम सञ्चालन गर्ने निधो गरियो । यसले चौतारीको गतिशिलता देखाउँछ । र, मूल्याङ्कन र अनुगमनको चक्र पनि केही हदसम्म प्रष्ट्याउँछ ।

मार्टिन चौतारीका दुई मुख्य काममा छलफल र अनुसन्धानमूलक प्रकाशन पर्छन् । छलफलका कार्यक्रममध्ये चौतारीको हाताभित्र हुने नियमित छलफल र अतिरिक्त छलफल छन् । त्यस्तै तोकिएका केही विषयमा काठमाडौं बाहिर पनि छलफल कार्यक्रम सञ्चालन भैरहेका छन् । साथै चौतारीले सेमिनार तथा कन्फरेन्सको पनि आयोजन गर्छ । चौतारीभित्र सञ्चालन हुने कार्यक्रमको अनुगमन निरन्तर हुन्छ । र वक्ताहरू चयन गर्दा कसरी लिंगीय र अन्य हिसाबबाट सन्तुलित गर्ने भन्नेमा ध्यान दिइन्छ । काठमाडौं बाहिर गरिने कार्यक्रमलाई सीधा र घुमाउरो तवरले अनुगमन गरिन्छ । सीधा अनुगमनमा केही कार्यक्रममा इकाइ या चौतारी सम्बद्ध कोही व्यक्ति सहभागी हुने गरेको छ । विशेष गरी काठमाडौंबाट जाने वक्ताहरूसँग कार्यक्रम सकिएर फिर्ता आएपछि अनौपचारिक छलफल गरेर कार्यक्रमको उपयोगिता र प्रभावकारिताबारे जानकारी लिइन्छ ।

मार्टिन चौतारीका प्रकाशनहरूको गुणस्तर कायम राख्नका लागि निश्चित प्रक्रियाहरू अपनाइन्छ । जस्तोः एक चरणको अनुसन्धानकार्य सकिएर पहिलो मस्यौदा लेखिसकेपछि त्यसबारे छलफल शृङ्खला, सेमिनार वा सम्मेलनको

अवसर पारेर खुल्ला छलफल गराइन्छ । सहभागीबाट प्राप्त सुझाव र प्रतिक्रिया तथा चौतारीका वरिष्ठ अनुसन्धानकर्ता र कहिलेकाहीँ चौतारीबाहिरका सम्बन्धित विषयका विज्ञबाट समीक्षा गराएर तिनको सुझावका आधारमा परिमार्जन गराइन्छ । एकपटकको परिमार्जनले नपुगेमा निश्चित स्तर लेखनकार्य नपुगेसम्म यो क्रम पटकपटक दोहोऱ्याइन्छ । यसले चौतारीका प्रकाशनका गुणस्तर अनुगमनको प्रक्रियालाई प्रस्ट पार्छ ।

चौतारीका विभिन्न कार्यक्रममा हुने खर्चको अनुगमनका लागि पनि उपयुक्त व्यवस्था गरिएको छ ताकि स्रोतहरू (नगद, जिन्सी) हिनामिना नहोस् । चौतारीमा हुने समग्र आर्थिक गतिविधिलाई वित्तीय नियमावलीले निर्देशित गर्छ । चौतारीले आम्दानी खर्चको हिसाबलाई चुस्त दुरुस्त राख्न ट्रयुबुक नामक सफ्टवेयर प्रयोग गर्छ । एकीकृत रूपमा सिस्टम जेनेरेटेड रिपोर्ट निकाल्ने हुनाले कुन काममा कुन शीर्षकमा कति खर्च भयो भन्ने प्रष्ट देखिन्छ । विभिन्न इकाइका लागि छुट्ट्याइएका शीर्षकमा खर्चका लागि कार्यक्रम संयोजकको सिफारिस आवश्यक पर्छ भने उक्त सिफारिसका लागि अध्यक्ष वा महासचिवले स्वीकृत गर्नुपर्छ । ठूलो रकमका सबै चेकमार्फत गरिन्छ र चेकमा बोर्डका पदाधिकारीमध्ये दुईको र लेखा प्रमुखले सही गर्ने व्यवस्था छ ता कि लेखा या बोर्ड एक्लैले आफुखुसी खर्च नगरोस् । र, वर्षभरिको आम्दानी खर्चको बाहिरी लेखा परीक्षकद्वारा परीक्षण गराइन्छ ।

मार्टिन चौतारीका कार्यहरूको मूल्याङ्कन मूलतः दुई प्रकारले हुन्छ । एक त आन्तरिक अथवा स्वमूल्याङ्कन हो भने अर्को बाहिरी मूल्याङ्कन हो । चौतारीले समय समयमा आफ्ना कार्यहरूको आन्तरिक मूल्याङ्कन गरिरहेको हुन्छ । कतिपय कार्यक्रमहरू सम्पन्न भए लगत्तै समीक्षा बैठक हुन्छ, जसले स्वमूल्याङ्कनको अवसर दिन्छ । यसै गरी चौतारीका घोषित नीतिहरू कार्यान्वयन भएनभएको मूल्याङ्कन पनि हुने गरेको छ । चौतारीले सामाजिक न्यायको, विविधताको कुरा उठाउँदै आएको र आफ्ना नीतिहरूमा ती कुरा व्यक्त गरेको छ । ती नीतिहरू स्वयंमा कति लागू भए भनेर स्वयंलाई परीक्षण पनि गर्ने गरेको छ । उदाहरणका लागि यो आ.व.मा चौतारीले लिंगीय र सामाजिक समावेशीकरण सम्बन्धमा मूल्याङ्कन, परीक्षण गऱ्यो । र, सो परीक्षणबाट देखिएका कमी कमजोरी हटाउन प्रयत्न पनि गरिरहेको छ । ह्वीलचेयरमा आउनेहरूलाई चौतारी सहज नभएको देखिएकाले अहिले रम्प निर्माण गरिएको छ र अब त्यस्ता सहभागीले पुस्तकालय, छलफल र चर्पी प्रयोग गर्न सक्छन् । यसै गरी चौतारीमा अहिले कर्मचारीहरूका बच्चाका लागि भनेर छुट्टै बाल स्याहार कोठा छुट्ट्याइएको छ ।

चौतारीका सबै कार्यहरू सार्वजनिक हुने र अझ चौतारीले सदैव आफ्ना कार्यको सार्वजनिक मूल्याङ्कन होओस् भन्दै आएको छ । विभिन्न व्यक्तित्वहरूले सार्वजनिक सभा समारोहमा, पत्रिकामा मार्टिन चौतारीबारे विभिन्न अवसर तथा मञ्चमा अभिव्यक्त गरेका विचार, चौतारीका प्रकाशनमाथि गरिएका समीक्षा, टिप्पणी नै मूल्याङ्कनका आधार हुन् । तलको खण्डमा चौतारीका कार्यक्रम तथा प्रकाशनबारे प्रकाशित केही सामग्रीको विवरण दिइएको छ । चौतारीको गत वर्ष भएका काम कारवाहीबारे बाह्य परामर्शदाताले गरेको मूल्याङ्कनको संक्षिप्त विवरण त्यसपछिको खण्डमा दिइएको छ ।

### *९.२ अरूको आँखामा मार्टिन चौतारीका काम*

मार्टिन चौतारीले आयोजना गरेका विभिन्न छलफल र यस संस्थाले प्रकाशन गरेका पुस्तक, जर्नल र *नीति पत्र* आदिका विषयलाई लिएर छापामा र अनलाईन मिडियामा समाचार, फिचर लेख, सम्पादकीय, लेख, समीक्षा, सम्पादकलाई पत्र, र क्याप्सन सहितको फोटो गरी ९० ओटाजति विभिन्न सामाग्रीहरू यस आर्थिक वर्षमा प्रकाशित भएका छन् । तीमध्ये समाचार ३६ ओटा, फिचर समाचार ४ ओटा, पुस्तक समीक्षा १९ ओटा, लेख १२ ओटा, फोटो सहितको संक्षित समाचार ८ ओटा, सम्पादकीय ३ ओटा, र सम्पादकलाई पत्र २ ओटा रहेका छन् ।

*कान्तिपुर, द काठमान्डु पोष्ट, नागरिक, रिपब्लिका, राजधानी, नेपाल समाचारपत्र अन्नपुर्ण पोष्ट, नयाँ पत्रिका, द राइजिङ नेपाल* जस्ता राष्ट्रिय दैनिकले यस संस्थाले आयोजना गरेका छलफल, सेमिनार र यस संस्थाले प्रकाशित गरेका विभिन्न पुस्तक, जर्नल र *नीति पत्र*को बारेमा समाचार दिएका र पुस्तक समीक्षा गरेका छन् । चौतारीबाट प्रकाशित भएका पुस्तकलाई *नेपाल, हिमाल खबर पत्रिका, मूल्याङ्कन, हिमाल साउथ एसिया* जस्ता म्यागेजिन तथा अनलाइनखबर डट कमले पनि स्थान दिएका छन् ।

त्यसै गरी *घटना र विचार, तरुण, जागरण, दृष्टि* र *रिपोर्टर* जस्ता साप्ताहिक पत्रिकाहरूले मार्टिन चौतारीवाट प्रकाशित भएका पुस्तकका बारेमा समीक्षा गरेका छन् । त्यसै गरी मार्टिन चौतारीले प्रकाशित गरेको *Out Here in Kathmandu* का बारेमा भारतवाट प्रकाशित हुने जर्नल *Think India Quarterly* मा ६ पेज लामो समीक्षा पनि प्रकाशित भएको छ ।

विषेशतः उपत्यकाबाहिर मार्टिन चौतारीले आयोजना गरेका बहस तथा छलफललाई त्यहाँका स्थानीय पत्रिकाले प्रमुख समाचार, प्रमुख लेख, र केहीले सम्पादकीय पनि लेखेका छन् । चौतारीका छलफललाई त्यसरी लेख्नेमा निम्न स्थानीय पत्रिकाहरू रहेका छन : *म्याग्दी संचार, हेटौँडा सन्देश, साझा न्युज, जनकपुर टुडे, तराई टाईम्स, अपि, मर्निङ वेल, नेपालगन्ज परिवेश, नयाँ मिथिला खबर, विराटपथ दैनिक, दर्शन दैनिक, मर्निङ टाईम्स राष्ट्रिय दैनिक, फाष्ट टाईम्स, ब्लाष्ट, नारायणी दैनिक, सर्वब्यापक साप्ताहिक, प्रतिफल दैनिक, प्रतिविम्ब दैनिक, वीरगञ्ज समाचरपत्र दैनिक, सत्य सन्देश दैनिक, कृपा दैनिक, अकुश दैनिक, राष्ट्रिय साहारा दैनिक, प्रतिक दैनिक, बाइपास दैनिक, र जन सृष्टि दैनिक* । र त्यसै गरी *तहल्लका डट कम, मिथिला डट कम,* र *जागरण* जस्ता पत्रिकाले मार्टिन चौतारीले काठमाडौंबाहिर गरेका बहसलाई नै विषय बनाएर सम्पादकीय लेखे । कहिलेकाहीँ अनलाईन खबर डटकमले पनि मार्टिन चौतारीमा भएका छलफलबारेमा समाचार दिने गरेको छ ।

मार्टिन चौतारीले प्रकाशित गरेको सीके लालको *नेपालीय हुनलाई...* किताबलाई मूल्याङ्कन (२०६७ चैत अङ्क) मासिकले “राष्ट्रियतासम्बन्धी बहसको यो एउटा सन्दर्भग्रन्थ हो” भनी लेखेको छ । त्यसै गरी मार्टिन चौतारीवाट प्रकाशित भएको *नेपाली सेनाः नागरिक नियन्त्रणका चुनौती* पुस्तकको समीक्षा गर्दै २०६७ माघ १ मा *कान्तिपुर* लेख्छ, “...बाहिर कमैमात्र चिनिएको, बुझिएको, सुनिएको नेपाली सेना चियाउने आँखीझ्याल बन्न पुस्तक सफल छ ।” भवानी बरालले धरानवाट २०६८ वैशाख ११ मा प्रकाशित *मर्निङ टाइम्स* राष्ट्रिय दैनिकमा मार्टिन चौतारीले गर्दैआएको मानवीय सुरक्षाको बहसलाई “गम्भीर र संवेदनशील विषयलाई उठाउने अभियान थालेको” भनी लेखेको छ । २०६८ जेठ २८ मा मार्टिन चौतारीको छलफलमा पत्रकार मोहन मैनालीले दिएको मौखिक प्रस्तुतिमा आधारित टिप्पणी *हिमाल खबर पत्रिका*को पूर्णाङक २८९ मा छापिएको छ । त्यसै गरी मार्टिन चौतारीबाट प्रकाशित *नीतिपत्र*लाई आधार बनाएर २०६७ असोज १३ (२९ सेप्टेम्बर २०१०) मा *The Kathmandu Post* ले प्रमुख फिचर समाचार पत्रकाशित गऱ्यो । जनकपुरबाट मैथिली भाषामा प्रकाशित हुने *मिथिला.डट. कम* दैनिकले २०६७ मङ्सिर ४ मा मार्टिन चौतारीले गर्दै आएको बहसलाई स्वस्थ देश निर्माण सहायक बन्न सक्ने अपेक्षा गर्न सकिने ( मार्टिन चौतारी इ बहस स्वस्थ देश निर्माणमे सहायक बनौ तकर अपेक्षा करी) भन्दै आफ्नो सम्पादकीय लेख्यो ।

खगेन्द्र सङ्ग्रौला, प्रशान्त झा, आदित्य अधिकारी, डा. अरुणा उप्रेती, श्रद्धा थापा र डा. अनिता ढुङ्गेलले आफ्नो नियमित स्तम्भमा मार्टिन चौतारीले आयोजना गरेका सेमिनार र छलफलका बारेमा लेख लेखे । त्यसै गरी मार्टिन चौतारीले प्रकाशित गरेका पुस्तकलाई विभिन्न छापा माध्याममा “पुस्तक वार्ता” स्तम्भमा समाजशास्त्री, लेखक र राजनीतिककर्मीहरू जस्तैः चैतन्य मिश्र, राजेन्द्र महर्जन र रवीन्द्र अधिकारी आदिले उल्लेख गरे ।

सामान्य रूपमा छापा माध्ययमले प्रकाशित गरेका समाचार, लेख, फिचर, सम्पादकीय र फोटो क्याप्सनको समाचार हेर्ने हो भने समीक्षात्मक भन्दा पनि बढी चाहिँ यस्तो प्रकाशन भएको छ र यो यो समेटिएको छ भन्ने

किसिमको जानकारीमुलक देखिन्छ । पुस्तक समीक्षा अध्ययन गर्ने हो भने प्रायले मार्टिन चौतारीले प्रकाशित गरेका पुस्तकलाई "उपयोगी", "उल्लेखनीय", "महत्वपूर्ण जानकारी समेटिएको" र "विषय बुझ्न पढ्नै पर्ने" भन्ने जस्ता सकारात्मक टिप्पणी गरेका छन् । कतै कतै भने चौतारीले प्रकाशित गरेका पुस्तक "सबै गहन होलान् भन्ठान्नु चैं गलत हुनेछ", र "कतै कतै ब्रोसर पढेजस्तो" लाग्ने भन्नेजस्ता नकारात्मक टिप्पणी पनि गरिएको छ । मार्टिन चौतारीले प्रकाशित गरेको सीके लालको *नेपालीय हुनलाई...* भन्ने पुस्तकका बारेमा त २०६७ फागुन ३० मा विराज बखतीले *तरूण* साप्ताहिकमा समीक्षा गर्दै "अद्‌भूत क्षमता, ज्ञानको दुरूपयोग र भावनाको खेती" विषयमा लेख लेखेका छन् । यो लेखमा मार्टिन चौतारीलाई क्रिस्चियनहरूको सहयोगद्धारा सञ्चालित संस्थाको रूपमा चित्रण गरेको छ र सो पुस्तकलाई "आपत्तिजनक" भनेको छ ।

### *९.३ बाह्य परामर्शदाताको मूल्याङ्कन*

सन् २०१०/२०११ मा डा. मुक्तासिंह तामाङ, मधुसुदन सुवेदी र यशोदा श्रेष्ठले मार्टिन चौतारीको वार्षिक कार्ययोजना तथा बजेट (अवाब) को मूल्याङ्कन गरेका थिए । उनीहरूले चौतारीको सबल र दुर्बल पक्ष तथा चुनौतीलाई त्यस प्रतिवेदनमा समेट्दै कमजोरी सुधार्नका लागि केही सुझाव पनि दिइएका थिए । तिनको सारांश यसप्रकार छ :

#### *९.३.१. सवल पक्ष*

सन् १९९१ बाट विभिन्न सामाजिक विषयमा सार्वजानिक बहसलाई स्वतन्त्र रूपमा निरन्तरता दिनु मार्टिन चौतारीको प्रमुख सवल पक्ष हो । यस्ता बहस तथा छलफलले खुला र आलोचनात्मक बहस गर्ने सार्वजानिक वृत्तलाई बढावा दिएको छ । मार्टिन चौतारीको अर्को सवल पक्ष भनेको यसले गर्ने गुणात्मक अनुसन्धान हो । अनुसन्धानका लागि फेलोसिफ दिने र मेन्टरिङ गर्ने, अनुसन्धानात्मक लेखलाई पुस्तक तथा जर्नलमा प्रकाशित गर्ने र स्वतन्त्र अनुसन्धाता उत्पादन गर्ने कामलाई यस सस्थाको सवल पक्ष रूपमा लिन सकिन्छ । हरेक आइतबार हुने अनुसन्धानात्मक छलफलले भइरहेको अनुसन्धानलाई गुणस्तरीय बनाउन र यसबारे हुने वौद्धिक छलफललाई अझ परिमार्जन गर्न सहयोग गरेको छ ।

मार्टिन चौतारीको प्रकाशनले अनुसन्धानमा आधरित बहसलाई प्रोत्साहन गरेको छ जुन विश्वविद्यालयभन्दा बाहिर भएको यस प्रकारको पहिलो महत्वपूर्ण काम मान्न सकिन्छ । मार्टिन चौतारीले सामाजिक न्याय, लोकतान्त्रिक पद्धति र सामाजिक समावेशीकणलाई जोड दिँदै कम खर्चमा गुणत्मक सार्वजानिक छलफलहरू गरेको छ, जुन मार्टिन चौतारीको अर्को सवल पक्ष हो । त्यसै गरी मार्टिन चौतारीले मिडियामा समावेशीकरण तथा यसको अन्तर्वस्तु जस्ता विभिन्न आयाममाथि अनुसन्धान गरी नेपाली मिडियाको अनुगमन गर्दै आएको छ ।

#### *९.३.२. कमजोरी*

मार्टिन चौतारीले काठमान्डौभन्दा बाहिर केही सीमित जिल्लामा बहस तथा छलफल आयोजना गरेको छ । यद्यपि यस्तो छलफलको माग अन्य जिल्लामा अत्याधिक रहेको छ जुन मार्टिन चौतारीको अहिलेकै सयन्त्रबाट सम्भव छैन । यसलाई मार्टिन चौतारीको कमजोर पक्षको रूपमा लिन सकिन्छ ।

मार्टिन चौतारीले गर्ने छलफल, अनुसन्धान र प्रकाशनको विषयको छनौटमा निश्चित प्रक्रिया अपनाइने गरिएको छैन, यो यसको अर्को कमजोर पक्ष हो । मार्टिन चौतारीले स्वास्थ्यको क्षेत्रमा निर्धारण गरेको केही कामलाई निरन्तरता दिन सकेको छैन । त्यस्तै जनजीविकाबारे काम गर्ने भनी उद्देश्यमा उल्लेख भए पनि यसबारे काम भएको देखिँदैन ।

#### *९.३.३. चुनौती*

मार्टिन चौतारीले आफूलाई अनुसन्धानमा आधारित रहेर गहन रूपमा विश्लेशण गर्ने र नीति निर्माणका लागि सुझाव दिनसक्ने थिङ्क ट्याङ्कको रूपमा विकास गर्न खोजरहेको छ । यस सस्थालाई यही धारमा नियमित गराउनु सम्भवतः सबैभन्दा ठुलो चुनैती हो । त्यसै गरी अनुसन्धानमा आधारित यस्ता संस्थाहरूलाई आर्थिक रूपमा दिगो राख्ने अर्को

चुनौती पनि यससामु छ । यस्ता संस्थाको कामको प्रभावलाई तत्कालै गन्न र देखाउन सकिँदैन तर अनुदान दिने संस्थालाई भने यस्तो प्रभाव आवश्यक भइरहेको छ । यो अर्को चुनौतीको रूपमा देखिएको छ ।

अधिकांश नेपाली गैरसरकारी संस्थाहरूमा देखिने प्रवृत्तिहरू जस्तोः दाताप्रतिको अति निर्भरता, संस्थाको पारिवारीकरण तथा नातेदारीकरण, योग्य र सक्षम कर्मचारीहरूलाई संस्थाले आर्थिक वा अन्य कुनै कारणले राख्न र टिकाउन नसक्नु वा विचारका आधारमा गरिने नियुक्ति जस्ता कुराहरूबाट भविष्यमा यस संस्थालाई कसरी जोगाइराख्ने भन्ने पनि चौतारीको अर्को चुनौती हो ।

*९.३.४. सुझाव*

१. काठमाडौं उपत्यका बाहिरका जिल्लामा त्यहीँको संयन्त्र प्रयोग गरी सर्वजनिक छलफल विस्तार गर्न आवश्यक छ ।

२. केन्द्रको प्रयोगकर्ताका लागि अनलाइन जर्नल बढाउनुपर्छ । यो सुविधा उपत्यका बाहिरका प्रयोगकर्ताका लागि पनि उपलब्ध गराउनुपर्छ ।

